# यशोदा शर्मा : न्यायको लागि एक पत्नीको संघर्ष

ADVOCACY FORUM

एड्भोकेसी फोरम, नेपाल

**यशोदा शर्मा : न्यायको लागि एक पत्नीको संघर्ष**

पहिलो संस्करण २०६८ (सन् २०१२)

*प्रकाशक*

एड्भोकेसी फोरम
शान्ति निकेतन मार्ग, गैरिधारा
काठमाडौं, नेपाल
पो. बक्स : २१७९८
फोन : ९७७-१-४००४००७/८
फ्याक्स : ९७७-१-४४२२६९८
इमेल : info@advocacyforum.org.np
वेबसाइट : www.advocacyforum.org

प्रतिलिपि अधिकार © एड्भोकेसी फोरम

आर्थिक सहयोग: अमेरिकन बार एसोसिएसन
(एबिए) कानुनी शासन स्थापनार्थ पहलकदमी

*ले-आवट तथा आवरण डिजाइन*

किशोर प्रधान

काठमाडौं, नेपालमा मुद्रित

# विषयसूची

**आभार** ङ

**परिचय** १

**मुद्दा विवरण** ३

*राष्ट्रिय मानवअधिकार आयोगमा अपिल* ७

*सर्वोच्च अदालतमा पुग्दा* ७

*अपनाइएका अन्य उपाय* ११

**असंगत तर्क तथा वास्तविकता** १३

**राष्ट्रिय कानुनी उपचारको उपयोग भएको अवस्था** १५

**स्वतन्त्र बेपत्ता आयोग** २०

# आभार

यो प्रतिवेदन सुसान कार, रवीन्द्र गौतम तथा विन्देश दहालद्वारा लेखिएको हो भने यसको सम्पादन इन्ग्रिड मसाजेले गर्नुभएको हो । यसोदा शर्माको अतुलनीय साहसलाई एड्भोकेसी फोरम सराहना गर्दछ । उहाँको समन्वयविना यस प्रतिवेदनको अस्तित्व सम्भव हुने थिएन ।

यस प्रतिवेदन तयार गर्नमा सहयोग उपलब्ध गराउनु हुने सम्पूर्ण महानुभावहरु, विषेशगरी, एड्भोकेसी फोरमका कानुन व्यवसायीहरू जसले पीडित परिवारलाई नि:शुल्क कानुनी सहयोग तथा परामर्श दिनुभएको छ, उहाँहरूप्रति हार्दिक धन्यवाद । साथै, यो प्रतिवेदनको नेपालीमा अनुवाद गर्नुहुने विन्देश दहाल र ध्रुवकुमार श्रेष्ठलाई पनि धन्यवाद ।

यस प्रतिवेदनको लेखन तथा प्रकाशनका लागि आवश्यक आर्थिक सहयोग प्रदान गर्ने अमेरिकन बार एसोसिएसन (एबिए) लाई कानुनी शासन स्थापनार्थ पहलकदमीका लागि एड्भोकेसी फोरमका तर्फबाट हार्दिक धन्यवाद ।

# परिचय

*"हामीजस्ता मान्छेले यो मुलुकमा न्याय पाउने सम्भावना अत्यन्त कठिन भए पनि म आफ्नो श्रीमान्लाई धोका दिन सक्दिनँ। आफ्नो श्रीमान्को बारेमा सत्यतथ्य पत्ता लगाउन सक्नेजति सबै प्रयास गरेँ अनि अन्तर्राष्ट्रिय स्तरसम्म पनि पुगेँ। मैले जतिसुकै कठिनाइको सामना गर्नुपरे पनि सत्य र न्यायको खोजीमा म निरन्तर लागिरहनेछु।" (जसोदा भनेर चिनिने) यशोदा शर्मा, सूर्यप्रसाद शर्माकी श्रीमती*

सूर्यप्रसाद शर्मा नाबालक थिएनन्, महिला पनि थिएनन् अनि उनलाई बेपत्ता बनाउने कारण, उनीविरुद्धका आरोप र उनले थुनामा छँदा भोग्नुपरेको व्यवहारका बारेमा धेरै कुरा थाहा पनि छैन। नेपालमा भएको दस वर्षे सशस्त्र द्वन्द्वका दौरान अनुमानित ३,५०० वटा बेपत्ताका मुद्दाका ज्ञमाभ्क यो विशिष्ट मुद्दाका रूपमा रहेको पनि होइन।[1]

तैपनि नेपालमा भएका बेपत्ताका अधिकांश मुद्दाको प्रतिनिधित्व सूर्यप्रसाद शर्माको मुद्दाले गर्दछ। आफ्नो श्रीमान्को नियति वा अवस्थाका बारेमा सूचना पाउनका लागि यशोदा शर्माले गर्नुपरेको संघर्ष, अधिकारीहरूको अस्वीकारोक्ति तथा

[1] The International Committee of the Red Cross (ICRC) has recorded 3,500 disappearances since 1999. In 2009, the fate or whereabouts of 1,300 of these people remained unknown. Surya Prasad Sharma is among those considered still missing. See "Missing Persons in Nepal. The Right To Know", ICRC, 2009. http://www.icrc.org/eng/assets/files/2011/families-of-missing-persons-nepal-report.pdf

न्यायिक प्रणालीका असफलता बेपत्ताका परिवारले सामना गर्नुपरेका अप्ठ्यारालाई उजागर गर्न सक्षम छन्। आफ्नो दैनिक जीवन चलाउन, आफ्नो श्रीमान् गुमाएपछि परिवार तथा तीन बालबालिकालाई हुर्काउन गर्नपरेको संघर्षले पनि धेरै परिवारका अप्ठ्यारालाई उजागर गरेका छन्। सरकारले यसरी पीडित भएका व्यक्तिलाई कुनै प्रकारको सहायता नगरेको सन्दर्भमा यस्ता अप्ठ्यारा प्रस्ट हुन्छन्। यशोदा र उनको परिवारलाई सुरक्षा दिनुपर्ने अधिकारीले नै उनीमाथि गरेको भेदभाव तथा जोरजुलुमले सशस्त्र द्वन्द्वका दौरान तथा त्यसपछिका समयमा धेरै परिवारले भोग्नुपरेका परिस्थितिलाई उजागर गर्दछन्।

यशोदा शर्माको दृढता तथा बलकै कारण उनी यी सब स्थितिको सामना गर्दागर्दै पनि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध (आइसिसिपिआर) को ऐच्छिक आलेखमा निर्धारण गरिएका व्यक्तिगत उजुरी कार्यविधिको उपयोग गर्ने पहिलो नेपाली नागरिकका रूपमा दरिन पुगिन्। राष्ट्रिय स्तरमा न्यायको खोजी गर्दै सबै सम्भाव्य उपायलाई उपयोग गरेर समेत न्याय नपाएपछि उनी संयुक्त राष्ट्रसंघ मानवअधिकार समितिमा पुगिन्। यसरी उनले अन्य सबै पीडितका लागि एउटा बाटो देखाएकी छिन् र उनले जस्तै पीडा बेहोर्नुपरेका सबै व्यक्तिमा आशा जगाएकी छिन्। उनले सशस्त्र द्वन्द्वका पीडितको दुःख तथा नेपाली न्याय प्रणालीका कमीकमजोरीको पूर्ण चित्र अन्तर्राष्ट्रिय समुदायसमक्ष पेश गरेकी छिन्।

*"मैले न्याय पाउँछु भन्ने सबै आस मारिसकेको थिएँ। तर मानवअधिकार समितिसमक्ष आफ्नो मुद्दा पेश गर्दा आशाको सानो किरण पलाएको थियो। मन्दिरा शर्माज्यूले मेरो लागि धेरै ठूलो काम गर्नुभयो। समितिले न्याय दिलाउँछ भनेर उहाँले मलाई आश्वासन दिनुभयो। अन्तर्राष्ट्रिय मानवअधिकार समितिबाट मैले सोचेअनुरूपको फैसला पनि भएको थियो। मेरो श्रीमान्को बेपत्ता स्थिति १८० दिनभित्र सार्वजनिक गर्नका लागि एउटा आयोग गठन गर्ने र परिवारलाई पर्नगएको समस्याको सम्बोधनका लागि क्षतिपूर्ति दिने भनी नेपाल सरकारलाई दिएको आदेश मेरो हकमा राम्रो फैसला थियो। यसपछि सरकारले अन्तरिम राहतका रूपमा २ लाख रुपियाँ दिने निर्णय गरेको भनी मन्दिराजीले मलाई*

*बताउनु भयो । मैले क्षतिपूर्ति रकम निकासाको लागि मानवअधिकार समितिबाट दिएको फैसलाको प्रतिलिपिसहित राहत पाउनको लागि स्थानीय शान्ति समिति, जिल्ला प्रशासन कार्यालयमा निवेदन पनि चढाएँ । तर मलाई अन्तरिम राहतबाहेक एक लाख रुपियाँ मात्र (जम्मा गरी दुई लाख मात्र) उपलब्ध गरायो । कुनै कार्यक्रममा जाँदा मेरो श्रीमान्को मुद्दामा चर्चा हुन्छ तर अरू बेला सबै जनाले मुद्दालाई अन्य मुद्दाजस्तै गरी हल्का रूपमा लिन्छन् । म हालसम्म पनि न्यायबाट वञ्चित छु ।"*[2]

सूर्यप्रसाद शर्माको बेपत्ता मुद्दा आइसिसिपिआरअन्तर्गत स्थापना गरिएको सन्धि निकाय मानवअधिकार समितिसमक्ष नेपाल सरकारविरुद्ध पेश गरिएको पहिलो व्यक्तिगत उजुरी थियो । २०६३ वैशाख १३ गते पेश गरिएको उजुरीमा समितिले २०६५ कात्तिक १२ गतेका दिन आफ्नो फैसला ग्रहण गऱ्यो (यसलाई औपचारिक रूपमा "धारणा" भनिन्छ) । समितिले ग्रहण गरेको धारणाले पाएअनुसार यो मुद्दामा आइसिसिपिआरका देहायका धारा उल्लंघन भएका थिए : धारा २(३) प्रभावकारी उपचारको अधिकार, धारा ७ यातनाविरुद्धको अधिकार, धारा ९ व्यक्तिको स्वतन्त्रता तथा सुरक्षाको अधिकार र धारा १० मानव व्यक्तिको अन्तर्निहित गरिमाको सम्मान हुने अधिकार । सूर्यप्रसाद शर्मालाई बेपत्ता बनाएकाले यशोदा शर्माको धारा ७ अन्तर्गतको अधिकार (यातनाविरुद्धको अधिकार) समेत उल्लंघन भएको भनी समितिले पायो ।

## मुद्दा विवरण

माओवादी विद्रोह सुरु हुनुभन्दा धेरै वर्ष अगाडिदेखि नै सूर्यप्रसाद शर्मा वामपन्थी कार्यकर्ताका रूपमा सक्रिय थिए । पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलनका उनी समर्थक थिए । उनले यशोदा शर्मासँग दोस्रो विवाह गरेका थिए र उनकी पहिली पत्नी सानै उमेरमा बितिसकेकी थिइन् । यशोदासँगको उनको विवाह धेरै

[2] Yashoda Sharma, interview with Advocacy Forum representative Nikesh Sharma.

अर्थमा परम्पराबाहिर गएको थियो । उनीहरूको प्रेम विवाह थियो अनि उनीहरूले जातपातको नियमलाई तोडेका थिए । उनीहरूसँग थोरै पैसा थियो । उनीहरूले परम्परागत विवाहोत्सव मनाएनन् र यसको साटो दुईजना भएर नदीमा गए अनि परिवार वा नातागोताविनै आफैँ विवाह गरे । यो क्रान्तिकारी विवाह थियो । यी सबै तथ्यहरू एकजुट हुँदा नयाँ परिवारलाई जिन्दगी बिताउनै अप्ठ्यारो भयो । उनीहरूका विरुद्ध धेरै नकारात्मक चर्चा चले । तैपनि उनीहरूले एउटा सानोतिनो व्यापार चलाउन थाले र यसबाट आफू तथा आफ्ना तीन बालबालिकालाई हुर्काउन सकिन्छ भन्ने आस गर्न थाले ।

माओवादी विद्रोह सुरु भएपछि सूर्य शर्मालाई उनको विगतको राजनीतिक क्रियाकलापका आधारमा धेरै निगरानी गर्न थालियो । पक्राउ परिन्छ भन्ने डर भएपछि भूमिगत हुनु नै उत्तम हुन्छ भनी उनले निर्णय गरे । पहिले नै अप्ठ्यारो स्थितिबाट गुज्रिरहेकी यशोदा शर्मालाई श्रीमान्को यो निर्णयले झन् गाह्रो पाऱ्यो किनकि माओवादीकी श्रीमतीसँग सम्बन्ध राख्नुपर्ला भनी डराउने समुदायले उनलाई बहिष्कार गऱ्यो । खस्किदैँ गइरहेको व्यापार सम्हाल्न तथा छोराछोरी हुर्काउनसमेत उनले ऋण लिनपऱ्यो । तैपनि उनले हाँसीखुसी नै यी अप्ठ्याराका सामना गर्दै गइन् र सार्वजनिक रूपमा कहिल्यै रोइनन् । भूमिगत भएका बेला सूर्य शर्मा परिवारलाई भेट्न घरिघरि घर आउँथे । आफ्नो बुवालाई भेट्न पाउँदा खुसी भए पनि छोराछोरीलाई गाह्रो पनि त्यत्तिकै भएको थियो किनकि बुवालाई भेटेको भनी कसैसँग नभन्नका लागि साना तीन बालबालिकालाई सिकाइएको थियो ।

२०५८ पुस २८ गतेका दिन आफ्नो घर फर्केका बेला सूर्य शर्मा अत्यन्त थकित तथा बिरामी देखिन्थे । उनलाई स्वास्थ्योपचार आवश्यक छ भनी यशोदाले महसुस गरेकी थिइन् ।

उनी घरमा भएको कुरा बाहिर पुग्यो अनि २०५८ माघ १ गते १०/१५ जनाको समूहमा आएका बर्दी लाएको सेनाको समूह बाग्लुङ जिल्लास्थित श्रीनगर टोलमा रहेको उनको घरमा आइपुग्यो । सैनिकहरूले घरमा बस्ने मान्छेलाई जगाए ।

(नाम थाहा नभएको) क्याप्टेन र अर्को सैनिक घरभित्र पसे र सूर्य शर्मालाई ओच्छ्यानबाटै पक्राउ गरे। उनलाई बाहिर लगेर कुटपिट गरियो। उनलाई सैनिक ब्यारेकमा लगेर सोधपूछ गरिने सूचना दिइयो। घरमा हातहतियार तथा माओवादी दस्तावेज छन् कि भनी खानतलासी गरियो। त्यस्तो केही पनि पाइएन। सैनिकहरूले घरलाई पूरै घेरेका थिए।

सेनाले आफ्नो श्रीमान्लाई लिएर गएपछि यशोदा शर्मा माथ्लो तल्लामा गइन् र झ्यालबाट कालीदल गुल्मको ब्यारेकतिर हेर्न थालिन्। गेट नं. २ बाट आफ्नो श्रीमान्लाई भित्र लगिँदै गरेको उनले देखिन्।

२०५८ माघ २ गते आफ्नो श्रीमान्लाई भेट्नका लागि खाना र गरम कपडा लिएर यशोदा शर्मा ब्यारेक पुगिन्। ढोकामा बसेका सैनिकहरूले उनलाई श्रीमान् भेट्न जान दिएनन् अनि उनका लागि लगेको सामान छोड्न समेत दिएनन्। तर उनको श्रीमान् सुरक्षित रहेको जानकारी चाहिँ उनीहरूले दिए।

श्रीमान्ले खैनी मगाएका छन् भन्दै एउटा सैनिकले यशोदा शर्मालाई उनको घरमै गएर २०५८ माघ ७ गतेका दिन भेट्यो। उक्त सैनिकले आफ्नो परिचय भने खुलाएन। तर सूर्य शर्माले मन पराउने गरेको खैनीको नाम त्यो सैनिकले ठ्याक्कै मिलायो। यशोदाले सैनिकलाई खैनी दिइन्। तिम्रा श्रीमान्लाई कुटपिट गरिएको छ भनी सैनिकले बतायो। श्रीमान्का तर्फबाट भेट्न आएको कसैलाई नबताउनु भनी सैनिकले उनलाई अनुरोध गर्‍यो। आफ्नो श्रीमान्लाई ब्यारेकमा चरम यातना दिइएको भन्ने हल्ला यशोदाले दुई दिनपछि सुनिन्। यस्तो सूचना पाएपछि उनी पुनः एकचोटि श्रीमान्लाई भेट्न ब्यारेक गइन् तर उनलाई फेरि पनि भेट्न दिइएन।

२०५८ माघ १० गते उनी फेरि ब्यारेक गइन् र योबेला छोराको पक्राउ तथा बेपत्ताका कारण पीरले बिरामी नै भएकी आफ्नो सासुलाई पनि सँगै लगिन्। उनीहरू पहिले २ नं. गेट गए र त्यहाँ सैनिकहरूले उनीहरूलाई १ नं. गेट जान लगाए। त्यो गेटमा पुग्दा भने किन यहाँ आएको भनी सैनिकले प्रश्न गरे। यशोदाले श्रीमान् भेट्न आएको भन्दा एउटा सैनिकले एकछिन यहीँ बस्नुस्, म

बुझेर आउँछु भन्यो र भित्र गयो। सैनिकले फर्केर आएपछि माघ ८ गते माओवादी लुकेको ठाउँ पत्ता लगाउन अमलचौर गाउँ जाँदा सूर्य शर्मा सेनाको कब्जाबाट भागेको भनी बतायो। यसरी भाग्न खोज्दा सूर्य शर्मा कालिगण्डकी नदीमा डुबेको समेत सैनिकले यशोदालाई बतायो।

२०५८ माघ २० गते यशोदा फेरि ब्यारेक पुगिन् र मेजर चन्द्रबहादुर पुनलाई भेटिन्। श्रीमान्लाई कुन अभियोग लगाएर थुनिएको हो र उनको स्वास्थ्यस्थिति कस्तो छ भनी यशोदाले मेजरलाई सोधिन्। मेजर पुनले सूर्य शर्मा आतंककारी क्रियाकलापमा संलग्न भएको र अन्य माओवादी आतंककारी पहिचान गर्नका लागि उनलाई गस्ती टोलीमा लग्दा उनी सेनाको नियन्त्रणबाट भागेको भनी बताए। आफ्नो श्रीमान् यसरी सेनाको नियन्त्रणबाट उम्केको भनिएको तथ्यमाथि प्रश्न उठाउँदै सेनाको सशस्त्र बलले उनलाई मारेको हुनसक्ने सम्भावनाका बीच श्रीमान्को लास पाऊँ भनी यशोदाले मेजरलाई अनुरोध गरिन्। कुनै पनि किसिमको हत्या भएको कुरालाई मेजरले अस्वीकार गरे, थप जानकारी दिन मानेनन् र उनलाई त्यहाँबाट गइहाल्न लगाए।

भोलिपल्ट माघ २१ गतेका दिन यशोदाले प्रमुख जिल्ला अधिकारी (प्रजिअ) लाई सम्पर्क गरी आफ्नो श्रीमान्लाई कुन कानुनअन्तर्गत थुनिएको हो भनी प्रश्न गरिन्। संकटकाल लागेको भएर उनको श्रीमान्का बारेमा विस्तृत जानकारी दिन नसकिने भनी प्रजिअले उनलाई बताए।

माघ ३० गते एम्नेस्टी इन्टरन्यासनलले सूर्यप्रसाद शर्माको सुरक्षित रिहाइका लागि एउटा "तत्काल कदम चाल्ने" अपिल जारी गर्‍यो।

पक्राउ पर्नुअघि भूमिगत हुँदाका बखत आफ्नो लास नदेखेसम्म कसैले पनि सूर्य शर्मा मर्‍यो भनेर सुनाए पनि विश्वास नगर्नू भनी सूर्यले बारम्बार आफ्नी श्रीमतीलाई बताएका थिए। मान्छेहरूले माओवादी कार्यकर्ताको मृत्युको हल्ला फैलाएर पार्टीलाई कमजोर बनाउन प्रयास गर्छन् भनी सूर्यले यशोदालाई बताएका थिए।

सूर्य शर्मालाई पक्राउ गरेपछि यशोदाको फोन कटाइयो। उनी फोन फेरि चलाउनका लागि धेरै निकायमा धाइन् तर फोन जोडिएन। उनलाई जोरजुलुम गर्न र अझ एक्ल्याउनका लागि फोन काटिएको हो भन्ने उनको विश्वास छ।

उनलाई समाजले पहिलेदखि नै बहिष्कार गरेकै थियो। तर सूर्य पक्राउ परेपछि स्थिति झन् खराब हुँदै गयो। श्रीमान् मरेका छैनन् भन्ने विश्वासका साथ उनले विधवाको लुगा लगाउन मानिनन् अनि विवाहिता सधवा महिलाले लगाउने रातो टीका, तिलहरी र रातो सारी लगाइरहिन्। गाउँमा यसको खुब हल्लाखल्ला भयो। दसैं र तिहार नेपालका महत्वपूर्ण धार्मिक चाडपर्व हुन्। श्रीमान् बेपत्ता भएदेखि उनको अनुपस्थितिमा यी चाडपर्व मनाउन यशोदालाई इच्छा लाग्दैन र चाडपर्वमा भाग नलिनका लागि उनले नछुने भएको बहाना बनाउने गरेकी छिन्।[3]

## *राष्ट्रिय मानवअधिकार आयोगमा अपिल*

आफ्नो श्रीमान्को नियतिका बारेमा थाहा पाउनलाई आतुर भएर यशोदा शर्माले २०५९ भदौ २४ गते राष्ट्रिय मानवअधिकार आयोगमा अपिल गरिन् अनि कैयौं मानवअधिकारकादी संगठनलाई समेत गुहारिन्। यी कुनै पनि निकायले उनलाई सहयोग गरेनन्।

सूर्य शर्मा नियन्त्रणबाट भागेको भन्ने जानकारी सरकारबाट आफूहरूलाई प्राप्त भएको भनी राष्ट्रिय मानवअधिकार आयोगले यशोदा शर्मालाई २०६२ माघ ७ गते बतायो। आफूहरूको अनुसन्धान टुङ्गोमा नपुगेको समेत आयोगले जानकारी दियो। उनले लगत्तै राष्ट्रिय मानवअधिकार आयोगमा सम्पर्क गर्दा त्यही प्रतिक्रिया आयो।

[3] In Nepal, traditionally women are not allowed to participate in activities nor touch any food that is to be shared during menstruation.

### *सर्वोच्च अदालतमा पुग्दा*

२०५९ माघ २१ गते एड्भोकेसी फोरमको सहयोगमा यशोदा शर्माले गृह मन्त्रालय, रक्षा मन्त्रालय, प्रहरी प्रधान कार्यालय, सैनिक मुख्यालय, जिल्ला प्रशासन कार्यालय बाग्लुङ, जिल्ला प्रहरी कार्यालय बाग्लुङ तथा खडगदल ब्यारेक बाग्लुङका विरुद्ध बन्दीप्रत्यक्षीकरणको रिट दाखिल गरिन् ।[4] त्यही दिन उनी श्रीमान्‌का सम्बन्धमा सूचना पाउनका लागि जिल्ला प्रहरी कार्यालय बाग्लुङ पुगिन् तर सफलता हात लागेन । उनको मुद्दा हेर्ने फुर्सत छैन भन्दै प्रहरीले उनलाई फर्काइदियो । माघ २२ गते सर्वोच्च अदालतले प्रतिवादीहरूका विरुद्ध कारण देखाउ आदेश जारी गर्‍यो र पीडित भनिएको व्यक्तिलाई थुनामा राख्नुपर्ने कारण खुलाउन लगायो ।

२०५९ सालको माघदेखि चैत महिनाका बीचमा सबै प्रतिवादीको जवाफ सर्वोच्च अदालतले प्राप्त गर्‍यो । बाग्लुङ प्रजिअबाहेक सबैले सूर्य शर्मालाई पक्राउ गरेर थुनामा राखिएको तथ्यलाई नै इन्कार गरे । उनलाई पक्राउ गर्न कुनै आदेश नदिएको, पक्राउ नगरेको तथा गैरकानुनी थुनामा नराखेको बयान उनीहरूले दिए । यसैको आधारमा बन्दीप्रत्यक्षीकरणको मुद्दा खारेज गर्नुपर्ने उनीहरूको माग थियो । तर प्रजिअले अदालतसमक्ष देहायको बयान दिए, उनीसँग भएको अभिलेखअनुसार सूर्यप्रसाद शर्मालाई सुरक्षाकर्मीले पक्राउ गरेका थिए र उनी गस्तीका क्रममा सँगै लैजाँदा भाग्न खोजे अनि नदीमा हाम फालेपछि बाहिर आएनन् ।[5]

बाग्लुङ प्रजिअलाई घटनाको विस्तृत विवरण पेश गर्न सर्वोच्च अदालतले आदेश दियो । २०५९ चैत १९ गते मिति राखिएको जवाफमा भनिएको छ :

> *"२०५८ माघ ८ गते तत्कालीन कालीदल गुल्म शेराडिल ब्यारेकबाट गस्ती टोली मोदीखोला तथा कालीगण्डकी नदीको दोभानतर्फ जाने क्रममा उक्त*

[4] Annex 1 writ application filed at the Supreme Court of Nepal.
[5] Annex 2 written reply of Baglung CDO to the Supreme Court.

> *स्थानमा पुग्न अ. १०० गज अगाडि अ. १८.०० बजेको समयमा माओवादी आतंककारीहरूले एम्बुस थापी बम विष्फोटन गराउँदा सोको जवाफी कारबाही गर्दा २ जना आतंककारी कालीगण्डकीमा हाम फालेका साथै यस जिल्लाको दक्षिणी भेकमा कार्य क्षेत्र भएका आतंककारीहरूलाई पक्राउ गर्न सो फौजसँग भएको बाग्लुङ जिल्लाका आतंककारी सूर्यप्रसाद शर्मा सो मौकाको फाइदा उठाई भागी कालीगण्डकीमा हाम फालेको र करीब आधा घन्टासम्म पनि बाहिर ननिस्कीएको बुझिन आएको ।*[6]

थप जानकारी दिनका लागि महान्यायाधिवक्ताको कार्यालयलाई सर्वोच्च अदालतले आदेश दियो । महान्यायाधिवक्ताको कार्यालयले बतायो :

> *“कालीदल गुल्म स्थानान्तरण भएर अर्को ठाउँमा गएको थियो र खडगदल गुल्म बाग्लुङ आएको थियो । त्यसैले खडगदल गुल्मले शर्माको पक्राउतर्फ अनभिज्ञ रहनुका साथै जिम्मा नबुझेको र निजलाई नदेखेको पाइयो ।”*[7]

सूर्य शर्माको बेपत्तासम्बन्धी घटनामा प्रजिअले गरेको जानकारीलाई महान्यायाधिवक्ताको कार्यालयले रुजु गऱ्यो ।

२०६० कात्तिक २६ गते सर्वोच्च अदालतले सूर्य शर्मालाई कुन कानुनअन्तर्गत पक्राउ गरेको भनी प्रजिअलाई प्रस्ट पार्न आदेश दियो ।[8] सूर्य शर्माको मृत्युका सम्बन्धमा विस्तृत विवरण आफूले उपलब्ध गराइसकेको भनी आफ्नो दोस्रो जवाफमा प्रजिअले बताए अनि थप बयान दिए । प्रजिअका अनुसार सूर्यलाई सुरक्षाफौज, विशेषगरी कालीदल गुल्ममा रहेका सैनिक, ले पक्राउ गरेका थिए र यो प्रजिअको कुनै आदेश वा ऐनअन्तर्गत नभएर आफ्नै अनुसन्धानका लागि उनीहरूले पक्राउ गरेका हुन् ।[9] पक्राउ गर्ने अधिकारीका सम्बन्धमा उठेको प्रश्नमा प्रजिअको जवाफ थियो,

[6] Annex 2 written reply of Baglung CDO to the Supreme Court.
[7] Annex  written reply of AG office to the Supreme Court.
[8] Annex 3 Letter from the Supreme Court to the CDO.
[9] Annex 1 writ application filed at the Supreme Court of Nepal.

> *सूर्यप्रसाद शर्मा उपर लगाउन सकिने सम्भावित कसूर प्रमाणित हुन नपाउँदै र सम्बन्धित अधिकारी समक्ष पेश गर्ने अवधिको बीचमा नै निज नदीमा हाम फाली बेपत्ता भएको अभिलेखबाट देखिँदा कुनै ऐन वा अधिकारीको आदेश प्रयोगै हुन नपाएको हुँदा निज पक्राउ परेको भन्न मिल्ने स्थिति रहेको नपाइएको।*[10]

२०६१ फागुन ५ गते सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरणको रिट खारेज गरिदियो। रिट खारेज गर्नुपर्ने आधार उल्लिखित दस्तावेज पाउनका लागि यशोदा शर्माले सात महिना कुरिन्। २०६२ असोज ७ गते सर्वोच्च अदालतको फैसला अन्ततोगत्वा प्रकाशित भयो। यसका अनुसार,

> *मिति २०५८/१०/८ गते कालीदल गुल्मको फौज बाग्लुङ जिल्लाको दक्षिणी भेगमा आतंककारीहरूलाई पक्राउ गर्न गएका बखत फौजसँग साथ लागी गएको सूर्यप्रसाद शर्मा मौकाको फाइदा उठाई भागी कालीगण्डकीमा हाम फालेको र करिब आधा घन्टासम्म पनि बाहिर निस्केन भन्ने समेत जिल्ला प्रशासन कार्यालय बाग्लुङको लिखित जवाफ रहेको देखिन्छ। उक्त लिखित जवाफ व्यहोरालाई समर्थन गरिएको च.नं. ३०० मिति २०६१/१०/२० को गृह मन्त्रालयको पत्र व्यहोरा समेतबाट निवेदकका पति सूर्यप्रसाद शर्मा हाल हिरासत वा नियन्त्रणमा रहेको भन्ने स्थिति नदेखिँदा र पछि त्यस्तो अवस्था भएको बखत बन्दी प्रत्यक्षीकरणको निवेदन दिने हक सुरक्षितै हुँदा तत्काल बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था नरहेकोले प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।*[11]

रिट निवेदिकाको श्रीमान्लाई जीवितै वा उनको लास अदालतसमक्ष पेश गर्न वा सुरक्षाफौजले उनलाई पक्राउ गरेको भन्ने कुरालाई स्थापित गर्ने प्रमाण हुँदाहुँदै पनि त्यसउपर अनुसन्धान गर्न प्रतिवादीलाई बाध्य बनाउने कुनै कदम सर्वोच्च अदालतले उठाएन।

[10] Annex 4 Second letter by Baglung CDO to Supreme Court.

[11] Annex 5 Decision of the Supreme Court.

## *अपनाइएका अन्य उपाय*

बेपत्ता भएका व्यक्तिका परिवारजन तथा नागरिक समाजका संगठनले चर्को दबाब दिएपछि २०६१ सालमा तत्कालीन सरकारले गृहमन्त्रालयका उपसचिव नारायणगोपाल मलेगुको मातहत रहने एउटा समिति (मलेगु समिति) गठन गऱ्यो । यो समितिले बेपत्ता व्यक्तिको अवस्थितिका सम्बन्धमा सार्वजनिक घोषणा गर्ने जिम्मेवारी पाएको थियो । २०६१ भदौ २७ गते मलेगु समितिले बेपत्ता व्यक्तिको सूची जारी गऱ्यो । यो सूचीमा सूर्य शर्माको नामसमेत समावेश गरिएको थियो र नियन्त्रणबाट भाग्न खोज्दा नदीमा डुबेर उनको मृत्यु भएको भन्ने प्रजिअको जवाफलाई यसमा उद्धृत गरिएको थियो । उनको अवस्थिति वा लासका बारेमा थप कुनै प्रमाण पेश गरिएन ।

२०६१ माघ २० गते लेखेको पत्रमा गृह मन्त्रालयले प्रजिअको उपर्युक्त जवाफलाई समर्थन गऱ्यो अनि सूर्य शर्मा सैनिक हिरासतमा वा सेनाको नियन्त्रणमा नरहेको अड्डी लियो ।[12]

यसरी नेपाली कानुनी प्रणालीले न्याय दिन नसकेपछि एड्भोकेसी फोरमको सहयोगमा यशोदा शर्माले आफ्नो श्रीमान्को मुद्दामा आइसिसिपिआरको धारा २(३) का साथसाथै धारा ६, ७, ९ तथा १० को उल्लंघन भएको भन्ने जिकिरका साथ २०६२ वैशाख १३ गते मानवअधिकार समितिसमक्ष व्यक्तिगत उजुरी पेश गरिन् । सरकारले यो मुद्दाको ग्राह्यताका सम्बन्धमा प्रश्न उठाउँदै जवाफ दिए पनि मुद्दाकै बारेमा चाहिँ केही जवाफ दिएन र यसो गर्दा आफ्ना श्रीमान् पक्राउ परेपछि के भयो भन्ने थप जानकारी पाउनबाट यशोदा शर्मा वञ्चित भइन् । समितिका धारणालाई २०६५ कात्तिक १२ गते ग्रहण गरियो :

> *"समितिसमक्ष पेश भएका तथ्यले उजागर गरेअनुसार निवेदिकाका श्रीमान्का सम्बन्धमा धारा २(३) लाई धारा ७, ९ र १० सँग राखेर पढ्दा तथा निवेदिकाकै*

[12] Annex 6 Response of the Home Ministry to the Supreme Court.

*सम्बन्धमा धारा २(३) लाई धारा ७ सँगै राखेर पढ्दा ती धाराको उल्लंघन भएको ठहर समितिको छ।"*[13]

मुद्दाको पूर्ण अनुसन्धान नगरिएकाले सूर्य शर्माको मृत्यु भएको भन्ने तथ्य पूरै स्थापित भएको छैन त्यसैले धारा ६ को उल्लंघनका सम्बन्धमा कुनै किसिमको फैसला सुनाउनु अहिलेको परिस्थितिमा अनुपयुक्त हुन्छ भन्ने ठहर समितिको रह्यो। समितिका अनुसार,

*"अनुबन्धको धारा २(३) मुताबिक पक्षराष्ट्रले निवेदिकालाई प्रभावकारी न्यायिक उपचार उपलब्ध गराउनुपर्ने हुन्छ र यसमा निवेदिकाका श्रीमान्को बेपत्ता तथा नियतिका सम्बन्धमा साङ्गोपाङ्ग अनि प्रभावकारी अनुसन्धान, उनी जीवित भए उनको तत्काल रिहाइ र निवेदिकाका श्रीमान् तथा परिवारले उल्लंघनका कारण भोग्नुपरेका पीडाको उपचार पर्दछन्। अर्को व्यक्तिउपर फौजदारी कारबाही चलाउनका लागि माग गर्ने अधिकार कुनै व्यक्तिलाई अनुबन्धले दिँदैन तैपनि विशेषगरी जबर्जस्ती बेपत्ता तथा यातनाजस्ता मानवअधिकारका उल्लंघन भएको भनिएको यो मुद्दामा साङ्गोपाङ्ग अनुसन्धान गर्नमात्र नभई यस्ता उल्लंघनमा जिम्मेवार ठहरिएका व्यक्तिलाई भविष्यमा कारबाही, मुद्दा चलान तथा सजाय गर्नका लागि पक्षराष्ट्रको कर्तव्य रहन्छ भन्ने समितिको धारणा छ।"*[14]

समितिले यस्तो धारणा ग्रहण गरेपश्चात् उनीप्रतिको दायित्व पूरा गर्नका लागि सरकारले कदम उठाओस् भनी यशोदा शर्माले एड्भोकेसी फोरमको सहायतामा बारम्बार माग उठाइन्। एड्भोकेसी फोरम र नेपाल सरकार दुवैले मानवअधिकार समितिका सचिवसमक्ष नियमित रूपमा अनुगमन प्रतिवेदन पेश गरिरहेका छन्।

[13] See Communication No.1469/2006 6 November 2008, CCPR/C/94/D/1469/2006 para. 8.

[14] Communication No.1469/2006 6 November 2008, CCPR/C/94/D/1469/2006, para. 9.

यशोदा शर्माले अन्तरिम राहतका नाममा रु. दुई लाखमात्र प्राप्त गरेकी छिन् ।[15] मुद्दाको पूर्ण अनुसन्धानपश्चात् दिनुपर्ने रकम निर्धारण गरी पूरै क्षतिपूर्ति तिर्ने भनी सरकारले बताएको छ । अहिलेसम्म अनुसन्धान सुरु नगरेको अवस्था छ ।

यशोदा शर्मा अन्तरिम राहतका लागि कृतज्ञ छिन् र द्वन्द्वपीडित अन्य परिवारले उनीभन्दा कम रकम पाएको बारेमा पनि जानकार छिन् तथापि उनले र उनको परिवारले भोग्नुपरेका समस्याको तुलनामा यो रकम अपर्याप्त छ । अपराधको गाम्भीर्यलाई प्रतिबिम्बित गर्ने क्षतिपूर्ति तथा परिपूरण उनले अनि उनीजस्ता अन्य बेपत्तापीडितका परिवारजनले पाउनुपर्ने उनको तर्क छ । यो कुरा मानवअधिकार समितिको फैसलामा समेत प्रतिबिम्बित भएको छ ।

## असंगत तर्क तथा वास्तविकता

यशोदा शर्माले दायर गरेको बन्दीप्रत्यक्षीकरणको मुद्दामा “तहकिकात”का क्रममा ब्यारेकले अदालतसमक्ष पेश गरेको जवाफमा आफूहरूले सूर्य शर्मालाई थुनामा नराखेको र उनी बेपत्ता हुँदा अर्कै बाहिनी त्यहाँ रहेको भनी उल्लेख गरे । तर सूर्य थुनामा हुँदाका बखत बाहिनीमा रहेका कमान्डरलाई सम्पर्क गर्ने तथा प्रश्न गर्ने प्रयास गरेको देखिएन । यशोदाले आफैँ ब्यारेकमा सम्पर्क गर्दा उनका श्रीमान्को भाग्ने क्रममा मृत्यु भएको भनी मेजर चन्द्रबहादुर पुनले बताए । तथापि सर्वोच्च अदालतमा मुद्दा चल्दा यी मेजरलाई प्रतिवादी बनाइएको थिएन । उनले सीधै कुनै किसिमको धम्की नपाए पनि तत्कालीन परिस्थितिमा मेजरलाई प्रतिवादी बनाउँदा आफ्नो परिवारमाथि हानि हुनसक्ने आशंका उनलाई भयो ।

अझ, सूर्य शर्मालाई पक्राउ गरिएको थिएन अनि हिरासतमा पनि राखिएको थिएन किनकि उनलाई अपराधका लागि अभियोग लगाउने प्रक्रिया सुरु गर्नुअघि नै उनको मृत्यु भएको थियो भनी सरकारले तर्क गर्‍यो (र यसलाई सर्वोच्च अदालतले समेत स्वीकार गर्‍यो) ।

[15] The Government of Nepal used the term "immediate relief" in its letter of 27 April 2009.

> *सूर्यप्रसाद शर्माउपर लगाउन सकिने सम्भावित कसूर प्रमाणित हुन नपाउँदै र सम्बन्धित अधिकारीसमक्ष पेश गर्ने अवधिको बीचमा नै निज नदीमा हाम फाली बेपत्ता भएको अभिलेखबाट देखिँदा कुनै ऐन वा अधिकारीको आदेश प्रयोगै हुन नपाएको हुँदा निज पक्राउ परेको भन्न मिल्ने स्थिति रहेको नपाइएको ।*

तथापि, उनलाई वास्तवमा पक्राउ गरिएको थिएन तर "अनुसन्धान" गरिँदै थियो भन्दैमा उनी इच्छाविरुद्ध नियन्त्रणमा राखिएका थिए तथा सेनाको सम्पर्कविहीन थुनामा थिए भन्ने तथ्यलाई इन्कार गर्दैन । त्यतिखेर नेपालमा लागू हुने कानुन भनेको २०५८ को आतंककारी तथा विध्वंसात्मक गतिविधि अध्यादेश (टाडो) थियो ।[16] आतंककारी भन्ने आशंका लागेको व्यक्तिलाई कुनै अभियोग नलगाई ९० दिनसम्म हिरासतमा राख्ने अनुमति दिन्थ्यो । तर टाडोअन्तर्गत पनि उनलाई प्रजिअसमक्ष २४ घन्टाभित्र पेश गर्नुपर्ने हुन्थ्यो । यसो भएन । यो प्रक्रिया पूरा हुनुअघि उनको मृत्यु भएको भन्ने प्रजिअको दाबी सत्य होला[17] तर उनको अधिकार उल्लंघन भएकै देखिन्छ । उनलाई माघ १ गते पक्राउ गरिएको थियो र उनी माघ ८ गते बितेको वा भागेको भनियो । २४ घन्टे म्याद त लामो समयअगाडि नै बितेको थियो । यो कमजोरीको कारणका बारेमा अनुसन्धान गर्नका लागि कुनै निकायबाट केही प्रयास गरिएन । अनि उनलाई कुन कानुनी आधार लिई थुनामा राखिएको हो भनी कुनै पनि सरकारी वा कानुनी निकायले वास्तवमा केही बताएको छैन ।

[16] The Terrorism and Disruptive Activities Act (TADA) was adopted into law by Parliament in 2002. Its provisions had earlier been promulgated as an Ordinance in the TADO. It lapsed as a law in the absence of Parliament but was re-promulgated as a royal decree from October 2004. It was not renewed after it lapsed in September 2006 and is no longer in force. For more information regarding its provisions in breach of international standards, see Advocacy Forum and Human Rights Watch, 'Waiting for Justice: Unpunished Crimes from Nepal's Armed Conflict' September 2008, page 46-47.

[17] Annex 4 Second letter by Baglung CDO to Supreme Court.

## राष्ट्रिय कानुनी उपचारको उपयोग भएको अवस्था

व्यक्तिगत उजुरी प्रणालीमार्फत कुनै पनि मुद्दा मानवअधिकार समितिमा स्वीकार्य हुनका लागि उजुरीकर्ताले सम्पूर्ण राष्ट्रिय कानुन उपचार पूरा गरेको हुनुपर्दछ। यशोदा शर्माले राष्ट्रिय तहबाट नै विद्यमान फौजदारी प्रणालीमार्फत न्याय खोज्न असफल रहेको र मुद्दालाई सर्वोच्च अदालतमा लगेर उसले कानुनी प्रणालीलाई बेवास्ता गर्ने प्रयत्न गरेको र त्यसउप्रान्त राष्ट्रिय कानुनी उपचार पूरा गरेको दाबी गरेको कुरा गर्दै मानवअधिकार समितिलाई सरकारले प्रत्युत्तर दिएको छ।

सरकारको यो दाबीले बेपत्ता र यातनाजस्ता विशेष प्रकृतिका अपराधलाई संबोधन गर्दैन। यस्ताखाले अपराधलाई पर्याप्त रूपले संबोधन गर्नका लागि फौजदारी न्याय प्रणालीले विशेष कानुनी उपचार प्रदान गर्नुपर्दछ। नेपालको कानुनमा यस्तो व्यवस्था उपलब्ध छैन। तसर्थ यशोदा शर्माले नेपालको सामान्य फौजदारी न्याय प्रणाली बाटो रोज्नु सम्भव थिएन।

अन्तरिम संविधानमा जबर्जस्ती बेपत्तालाई प्रतिबन्ध गर्ने कुनै विशेष प्रावधान छैन। अन्तरिम संविधानले विगतमा जबर्जस्ती बेपत्ताका घटना भएको पहिचान गरेको छ र "द्वन्द्वका दौरान बेपत्ता भएका व्यक्तिका मुद्दा अनुसन्धान गर्नका लागि गठित छानबिन आयोगको प्रतिवेदनको आधारमा पीडितका परिवारजनलाई राहत प्रदान गर्न" राज्यलाई दायित्व सुम्पेको छ। संविधानले जबर्जस्ती बेपत्तालाई वास्तवमा अपराधको रूपमा नै स्थापित गरेको छैन। २०६४ सालमा सर्वोच्च अदालतले जबर्जस्ती तथा अस्वैच्छिक बेपत्तालाई फौजदारी अपराधको रूपमा स्थापना गर्नु भनी दिएको आदेशलाई सरकारले अझै कार्यान्वयन गर्न बाँकी छ।[18]

२०६४ कात्तिकमा नेपालको व्यवस्थापकीय संसदले जबर्जस्ती बेपत्ताविरुद्ध सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र सर्वोच्च अदालतको २०६४

[18] The Supreme Court of Nepal Division Bench Order Writ no 3575, 100, 104, 323, 500, 45, 41, 155, 162, 164, 167, 97, 110, 111, 142, 211, 250, 223, 262, 378, 418, 485, 617, 632, 635, 54(0002) 0004, 2588/0038 Re: Habeas Corpus (Disappearance Decision); June 2007.

जेठ १८ को महत्वपूर्ण निर्णयअनुरूप हुनेगरी जबर्जस्ती बेपत्तासम्बन्धी कानुनको मस्यौदा तयार पार्न नेपाल सरकारलाई निर्देशन दियो। सर्वोच्च अदालतले आफ्नो निर्णयमा सरकारले बेपत्तासम्बन्धी मुद्दालाई संबोधन गर्न कुनै गम्भीर कदम नचालेको ठहर गरी बेपत्ता पारिएका व्यक्तिको स्थिति छानबिनका लागि अधिकारसम्पन्न आयोगको गठन गर्न र जबर्जस्ती बेपत्तासम्बन्धी कानुन तर्जुमा गर्न सरकारलाई आदेश दियो। दुवै आयोग र विधेयक अन्तर्राष्ट्रिय कानुनी मापदण्डमा आधारित हुनुपर्नेथ्यो। २०६६ को उत्तरार्धमा बेपत्ता आयोगसम्बन्धी विधेयकको मस्यौदा संसदसमक्ष पेश गरियो। यद्यपि उक्त विधेयकले प्रस्तुत गरेको बेपत्ताको परिभाषा र तोकेको सजाय अन्तर्राष्ट्रिय मापदण्डअनुसार अपर्याप्त रहेको छ। यस मस्यौदामा रहेको अर्को चिन्ताको विषय भनेको यसले उल्लेख गरेको हदम्यादको प्रावधान हो जबकि अन्तर्राष्ट्रिय कानुनमा जबर्जस्ती बेपत्तालाई निरन्तर अपराधका रूपमा लिइन्छ र यसमा कुनै हदम्याद लाग्दैन।

२०६७ पुसमा संसदसमक्ष पेश भएको फौजदारी संहिताको मस्यौदाले बेपत्तालाई फौजदारी अपराधको रूपमा स्थापना गर्ने प्रस्ताव अगाडि सारेको छ। यद्यपि यो विधेयकले पनि अन्तर्राष्ट्रिय मापदण्डलाई समेटेको छैन। जबर्जस्ती बेपत्ताको परिभाषालाई अन्तर्राष्ट्रिय मापदण्डअनुकूल बनाउनका लागि यसमा संशोधन गरिनुपर्दछ। यसका अतिरिक्त विधेयकमा उच्चअधिकारीको जवाफदेहिता हुने कुरा उल्लेख गरिएको भए तापनि यसको भिन्दै तरिकाले व्याख्या हुनसक्ने भएकोले यो प्रावधानलाई स्पष्ट पारिनुपर्दछ। बेपत्ता आयोगसम्बन्धी विधेयकमा जस्तै यो विधेयकमा पनि आजिवन कारावाससम्म हुनेगरी अधिकतम सजायको हद बढाइनुपर्दछ र न्यूनतम सजायको हद पनि तोकिनुपर्दछ। अन्तमा, जबर्जस्ती बेपत्ता जस्तो अपराधको प्रकृतिलाई हेर्दा यसमा हुने हदम्याद अति नै प्रतिबन्धात्मक रहेको छ। बेपत्ताजस्तो निरन्तर घटिरहने उल्लंघन र यसले पीडितलाई पार्ने आघात जसले गर्दा उनीहरू आफू रिहा भइसकेपछि तत्काल उजुरी पेश गर्न नसक्ने अवस्थालाई हेर्दा यसमा लाग्ने हदम्यादको कानुनलाई संशोधन गरिनुपर्दछ।

माानवअधिकार समितिमा आफ्नो प्रत्युत्तर पेश गर्दा सरकारले नेपालको कानुनअर्न्तगत कुनै पनि अपराधको अनुसन्धानका लागि प्रहरीमा जोहेरी दर्ता

गर्नुपर्ने स्मरण गरायो । यद्यपि सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को अनुसूची १ मा उल्लिखित अपराधका हकमा मात्र जाहेरी गर्नसकिने कुरा सरकारले व्यक्त गरेन । उक्त अनुसूचीमा जबर्जस्ती बेपत्तालाई अपराधको रूपमा उल्लेख गरिएको छैन । तसर्थ यशोदा शर्माले आफ्नो श्रीमान्को बेपत्ताको जाहेरी दर्ता गर्नु असम्भव थियो र अझै पनि असम्भव छ ।

यसका अलावा यशोदा शर्माले बेपत्तासम्बन्धी अपराधको भिन्नै तत्वहरूमा मुद्दा दर्ता गर्न सक्ने पनि तर्क दिन सकिन्छ । राष्ट्रिय कानुन उपयोग भइसकेको भन्ने देखाउनका लागि यशोदा शर्माले आफ्नो श्रीमान्को हत्याका लागि मुद्दा दर्ता गर्नुपर्ने थियो भन्ने सरकारको तर्क रहेको छ । जबर्जस्ती बेपत्तामा यातना र बाँच्न पाउने अधिकारबाट वञ्चित गरिनेजस्ता अन्य धेरै मानवअधिकार उल्लंघन भएका हुन्छन् । यद्यपि बेपत्ताको मुद्दामा संलग्न रहने यी मानवअधिकार उल्लंघनका लागि कानुनी उपचार प्रदान गर्नु सम्भव पनि छैन । नेपालको अन्तरिम संविधानले यातनालाई असंवैधानिक भनी घोषणा गरी यसलाई फौजदारी कसूरका रूपमा स्थापित गरेको भए तापनि यातनाका लागि फौजदारी सजायको व्यवस्था गरेको कानुनको अभावमा यो देवानी कसूरको रूपमा मात्र प्रचलित रहेको छ । यातनालाई स्पष्ट रूपले परिभाषित गर्ने कानुन नभएसम्म यातना दिने व्यक्तिलाई मुलुकी ऐनको कुटपिटको प्रावधानअन्तर्गत मात्र अभियोग लगाउन सकिन्छ । व्यवहारमा यस्तो विरलै मात्रामा हुन्छ किनकि यातनाविरुद्धको उजुरी लिने र त्यसउपर अनुसन्धान गर्ने निष्पक्ष संयन्त्र छैन र उजुरी प्रहरीलाई नै गरिनुपर्दछ (जबकि अधिकांश मुद्दामा उनीहरूले नै यातना दिने गर्दछन्) । यस्तो परिस्थितिमा सार्वजनिक पद धारण गरेका अधिकारीविरुद्ध दर्ता गरिएका अभियोग गम्भीर रूपले विरलै अनुसन्धान गरिएको छ । यसका अतिरिक्त मुलुकी ऐनको "कुटपिट" को परिभाषाले यसको मनोवैज्ञानिक असरलगायत विशेष प्रकृतिको यातनाको व्याख्या गरेको छैन ।[19]

सूर्यप्रसाद शर्माको हत्याको आशंकामा जाहेरी दर्ता हुन सक्दथ्यो यद्यपि यस्तो अभियोगमा जाहेरी दर्ता गरिएको भए यसले शर्माको बेपत्तालाई पर्याप्त रूपमा

[19] *Ibid.*, p. 16.

संबोधन गर्दैन थियो र अपराधको गाम्भीर्यलाई प्रतिबिम्बित गर्दैन थियो । यसका अतिरिक्त मृत्यु भएको कुरा पुष्टि गर्ने प्रमाणको अभावमा (अर्थात शव नभइकन) हत्याको अभियोगमा मुद्दा दर्ता गर्दा यसमा सफलता पाइने सम्भावना अति न्यून हुन्छ । एड्भोकेसी फोरमको अनुभवमा नेपालमा द्वन्द्वकालीन समयमा भएका अपराधको मुद्दा दर्ता गर्दा त्यसको अनुसन्धान हुने सम्भावना अति कम हुन्छ । २०६३ सालदेखि नै गैरन्यायिक हत्या र २०५९ देखि २०६३ को बीचको समयमा सुरक्षा फौजद्वारा बेपत्ता पारिएका व्यक्तिका मुद्दा (जसमा बेपत्ता पारिएको व्यक्ति मरेको भन्ने प्रमाण रहेको) का साथै नेकपा (माओवादी) का सदस्यद्वारा गराइएका हत्याका मुद्दामा एड्भोकेसी फोरमले पीडित र पीडितका परिवारजनलाई जाहेरी दरखास्त दर्ता गर्न सहयोग गर्दै आइरहेको छ। सशस्त्र द्वन्द्वको अवधिभर मानवअधिकार उल्लंघनका मुद्दामा प्रहरीले जाहेरी दर्ता गर्न अस्वीकार गर्ने गर्दथ्यो र सर्वसाधारणमा पनि जाहेरी दर्ता गर्ने प्रयत्न गर्दा प्रतिशोधको सिकार भइन्छ भन्ने भय रहन्थ्यो । २०६३ सालदेखि पीडितका केही आफन्तजनले जाहेरी दर्ता गर्न सफल भएका छन् तर अधिकांश मुद्दामा प्रहरीलाई अनुसन्धान कार्य अगाडि बढाउन अदालतको आदेश ल्याउनका लागि गैरसरकारी संस्थाहरूले अदालतमा निवेदन दिएर उनीहरूलाई सहयोग गरेका छन् किनकि यस्ता जाहेरी दर्ता गर्नका लागि अनेकौं प्रयासका लामो प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ ।

जाहेरी दर्ताको प्रक्रिया पहिलो अवरोध हो। प्रमाण संकलन गर्न र मुद्दालाई अभियोजनका लागि तयार गर्न प्रहरी लगातार असफल भएको छ । अनुसन्धानमा भएको प्रगतिबारे पीडितको आफन्तजनलाई सूचना दिन प्रहरीले अस्वीकार गर्ने गरेको छ । केही मुद्दामा अदालतले पनि प्रहरीको पक्ष लिएको छ र सत्यनिरूपण तथा मेलमिलाप आयोगजस्ता संक्रमणकालीन न्यायका संयन्त्रले यस्ता मुद्दालाई हेर्ने भन्दै अनुसन्धान अगाडि बढाउन आदेश दिन असफल रहेको छ ।

जाहेरी दर्ता गर्नु र अनुसन्धान कार्य अगाडि बढाउनु भनी सर्वोच्च अदालतले दिनेगरेका दुई आदेश पनि केही मुद्दामा पर्याप्त रहेका छैनन् जसले गर्दा प्रभावकारी अनुसन्धान भएको छैन। धनुषा जिल्लाको सञ्जीवकुमार कर्ण र चारजना अन्य विद्यार्थीको बेपत्ताको मुद्दामा सर्वोच्चद्वारा भएको फैसलामा

अदालतले प्रहरीलाई जाहेरी दर्ता गर्नु र अनुसन्धान अगाडि बढाउनु भनी दिएको आदेश पर्याप्त हुनुपर्नेथ्यो। यसको विपरीत धनुषा जिल्ला प्रहरी कार्यालयले द्वन्द्वको समयसँग सम्बन्धित कुनै पनि जाहेरीउपर कारबाही गर्न नसक्ने र त्यस्ता जाहेरी छुट्टै दर्ता गर्ने गरिएको जानकारी एड्भोकेसी फोरमलाई दियो।[20] अन्त्यमा राष्ट्रिय मानवअधिकार आयोगले २०६७ भदौ र २०६७ फागुनमा ती विद्यार्थीको भनी आशंका गरिएको पाँचवटा शव उत्खननको प्रक्रिया अगाडि बढायो।

केही मुद्दामा प्रहरीले अनुसन्धान कार्य अगाडि बढाउने तत्परता देखाएको भए तापनि सेना, सशस्त्र प्रहरी र माओवादीले भने निरन्तर असहयोग गर्ने गरेका छन्।

न त यशोदा शर्मासँग यातना क्षतिपूर्ति ऐन २०५२ अन्तर्गत क्षतिपूर्तिको लागि नै मुद्दा दर्ता गर्न सम्भव थियो। उक्त ऐनको दफा ५(२) ले यातनापीडितको पक्षबाट परिवारले पीडितको स्वास्थ्य परीक्षणका लागि अदालतमा निवेदन दिनसक्ने अनुमति दिएको छ। बेपत्ताको मुद्दामा भने शर्मा परिवारलाई पीडित शर्मा कहाँ छन् भन्ने कुनै प्रमाण प्राप्त गर्नसक्ने सम्भावना थिएन। त्यसैले उनले अदालतबाट त्यस्तो आदेश ल्याउन सक्ने कुरै भएन। यस ऐनअर्न्तगत यातना पीडितले नै प्रमाण संकलन गरी यातना भएको सिद्ध गर्नुपर्दछ भने यातना नकार्ने आरोपी पीडकले कुनै प्रमाण जुटाउनु पर्दैन। कुनै पनि यातनाको मुद्दालाई सफल बनाउन शारीरिक वा मानसिक स्वास्थ्य परीक्षणको प्रतिवेदनको एक प्रति सम्बन्धित जिल्ला अदालतमा उपलब्ध गराउनु पर्दछ।[21] बेपत्ताका मुद्दाको हकमा भने यो लागू हुँदैन। जुनसुकै घटनामा पनि यातना क्षतिपूर्ति ऐनअन्तर्गतका मुद्दा देवानी कार्यविधिअर्न्तगत हेरिन्छ न कि फौजदारी कार्यविधिअर्न्तगत; ऐनअर्न्तगत यातनापीडितले क्षतिपूर्ति पाउन सक्दछन् र आरोपी पीडकका विरुद्ध विभागीय

[20] Advocacy Forum and Human Rights Watch, 'Waiting for Justice: Unpunished Crimes from Nepal's Armed Conflict' September 2008.

[21] Torture Compensation Act of 1996, (3)(3).

कारबाही गर्न अदालतबाट आदेश जारीसमेत गराउन सक्दछन्। उजुरीउपर फौजदारी अभियोग लाग्ने कुनै सम्भावना हुँदैन।

तसर्थ यशादा शर्माले नेपालको विद्यमान कानुनी प्रणालीअन्तर्गत आफ्नो श्रीमान्को बेपत्ताको लागि कानुनी उपचार पाउने कुनै सम्भावना थिएन किनकि विद्यमान कानुनी प्रणालीमा सक्षम अधिकारीसमक्ष उजुरी पेश गर्न उनलाई अनुमति दिने आवश्यक संयन्त्र छैन। यद्यपि यसको मतलब उनले कुनै पनि कदम चालिनन् भन्ने होइन। वास्तवमा उनले सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दर्ता गर्ने र राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गर्नेजस्ता आफूले प्राप्त गरेका सम्पूर्ण उपाय अवलम्बन गरिन्।

## स्वतन्त्र बेपत्ता आयोग

२०६३ साल मंसिर ५ गते हस्ताक्षरित बृहत् शान्ति सम्झौताले सम्बन्धित पक्षले ६० दिन भित्र बेपत्ता पारिएका व्यक्तिहरूको स्थिति स्पष्ट पार्नुपर्ने उल्लेख गरेको छ।[22] एक वर्षभन्दा बढी समयपछि अर्थात् २०६४ पुस ८ गते सरकारले बेपत्ता छानबिनका लागि एक महिनाभित्र आयोग गठन गर्ने प्रतिबद्धता जनायो। यस्तो प्रतिबद्धता राजनीतिक दलहरूका बीच भएका कैयौं सम्झौतामा दोहोऱ्याइएको छ ; २०६८ कात्तिक १५ मा भएको ७ बुँदे सहमतिमा यो प्रतिबद्धता दोहोऱ्याइनु यसको पछिल्लो उदाहरण हो। तर, हालको मितिसम्म पनि आयोग गठन भएको छैन।

२०६६ वैशाख १४ गते मानवअधिकार समितिलाई पठाएको आफ्नो पत्रमा सरकारले निम्न कुरा व्यक्त गऱ्यो :

> *"सूर्यप्रसाद शर्माको बेपत्तासम्बन्धी मुद्दाको तहकिकातका लागि उक्त मुद्दालाई नेपाल सरकारले छिट्टै गठन गर्न लागेको स्वतन्त्र बेपत्ता छानबिन आयोगमा पठाइने छ। आयोगको गठनसँग सम्बन्धित विधेयक नेपालको संसदको चालु*

[22] Comprehensive Peace Accord Concluded between the Government of Nepal and the Communist Party of Nepal (Maoist) 21 November 2006 para 5.2.3.

*सत्रमा पेश भइसकेको छ । विधेयक नियमन भएपछि आयोग गठन प्रक्रियालाई उच्च प्राथमिकता दिइने छ ।"*[23]

यद्यपि हालसम्म न त उक्त विधेयक अनुमोदन भएको छ न आयोग नै गठन भएको छ । सरकारको दायित्व "पूर्ण अनुसन्धान गर्नु" मात्र नभई "शीघ्र" पनि गर्नु हो । सूर्यप्रसाद शर्मालाई ९ वर्ष अगाडि बेपत्ता पारिएको थियो । २०६३ सालमा हस्ताक्षरित बृहत् शान्ति सम्झौताको भावनाअनुरूप गठन हुने भनिएको आयोगद्वारा गरिने अनुसन्धानको अवधारणाले मूर्त रूप लिन सकेको छैन र ९ वर्ष पुरानो मुद्दामा पूर्ण, निष्पक्ष र शीघ्र अनुसन्धान नहुनुले सरकारले आफ्नो दायित्व गम्भीरतापूर्वक नलिएको देखिन्छ । २०६७ साउन १२ गतेको पत्रमा सरकारले विधायिका संसदमा आयोग गठनको मस्यौदा विधेयक पेश गरिएको तथ्य अगाडि सार्दै एकपटक पुनः आफ्नो प्रतिबद्धता दोहोऱ्यायो ।

यो विवादको अर्को समस्या भनेको अन्तर्राष्ट्रिय दायित्वअन्तर्गत नेपालले अनुसन्धान कार्य अगाडि बढाई दोषीलाई अभियोजन गर्नुपर्दछ । आयोगको मस्यौदा विधेयकअनुसार :

"२४. प्रतिवेदन पेश गर्ने : (१) यस ऐनबमोजिम छानबिन गरेपछि आयोगले निम्नलिखित कुराहरू समावेश गरी नेपाल सरकारलाई आफ्नो प्रतिवेदन पेश गर्नुपर्दछ :

ख. अनुसन्धानद्वारा दोषी ठहर गरिएका व्यक्तिउपर कारबाही थालनीको सिफारिससम्बन्धी विवरण

च. दफा २२ बमोजिम परिपूरणको सिफारिससम्बन्धी विवरण"[24]

यसबाट के स्पष्ट हुन्छ भने आयोग आफैँमा फौजदारी कार्यविधि होइन र यसले बेपत्ताका मुद्दामा फौजदारी अनुसन्धान गर्दैन । सशस्त्र द्वन्द्वका दौरान भएका

[23] Annex 7 Letter from the Permanent Mission of Nepal to the United Nations Geneva to the Secretary, Human Rights Committee, 27 April 2009.

[24] *A bill relating to Providing for the Disappearances* (November 2009) as sent to the Council of Ministers by the Peace Ministry.

घटनाको सत्य स्थापना गर्नु नै यसको कार्यादेश हो । यो आफैँमा अति महत्वपूर्ण उद्देश्य हो र नेपालमा दिगो शान्ति स्थापनाका लागि यसको महत्वलाई कम आँकलन गर्नुहुँदैन । तर, सक्षम न्यायिक अधिकारीसमक्ष हत्या, यातना, गैरन्यायिक हत्या र बेपत्ताजस्ता अपराध अभियोजित हुन्छन् भन्ने सुनिश्चित गर्ने कुरालाई पनि कम महत्व दिइनुहुँदैन । यशोदा शर्माले दण्ड संहिताको मस्यौदा र फौजदारी कार्यविधि संहिता संशोधनको गरी यातना र जबर्जस्ती बेपत्तालाई फौजदारी अभियोगको रूपमा स्थापना गर्नुपर्ने जस्तो नेपालको अन्तर्राष्ट्रिय दायित्वअनुकुल यी कानुनको निर्माण गर्न याचना गरिरहेकी छिन् ।

सरकारको कानुनी र नैतिक दायित्वबाहेक सूर्यप्रसाद शर्माको जबर्जस्ती बेपत्ताको मुद्दाको अनुसन्धान र अभियोजन नभएमा सेना वा सुरक्षाफौजलाई भविष्यमा यस्तैखाले उल्लंघन गर्नबाट रोक्न सकिँदैन । यसका अतिरिक्त यदि विगतका मानवअधिकार उल्लंघनका घटनामाथि कारबाही नभएमा यसले विधिको शासन र नयाँ लोकतान्त्रिक संस्थाहरूको आधारशिलालाई नै कमजोर बनाउँदछ ।

नितान्त व्यक्तिगत तहबाट हेर्दा यो मुद्दामा प्रधानमन्त्रीको कार्यालय र मन्त्रिपरिषद्ले सरकारले “फौजदारी अनुसन्धानका लागि टोली गठन गर्नेछ” भनी यशोदा शर्माको कानुनी परामर्शदातालाई गरेको वाचा तोडेको छ ।

सेनाको आपत्तिका कारण फौजदारी अनुसन्धानका लागि टोली गठन हुन नसकेकोमा यशोदा शर्माको कानुनी परामर्शदाता र यशोदा शर्मा आफैँले पनि व्यक्त गरेको गहिरो चासोको प्रत्युत्तरमा प्रधानमन्त्रीको कार्यालयसँग भएको बातचितपश्चात् नेपाल सरकारले निम्न प्रतिक्रिया दियो :

> *“सेना नेपाल सरकारको अधीनस्थ रहेको संस्था हो, यसले नेपालको विद्यमान कानुनअनुसार कार्य गर्दछ र जस्तोसुकै परिस्थितिमा पनि यसले सरकारको क्रियाकलापलाई पूर्ण रूपमा सहयोग र समर्थन गर्दछ ।”* [25]

[25] Annex 7 Letter from the Permanent Mission of Nepal to the United Nations Geneva to the Secretary, Secretariat of the Human Rights Committee July 28, 2010.

सरकारको यो प्रतिक्रिया सेनाको कार्यको ठीक उल्टो छ किनकि उसले विभिन्न मुद्दाको अनुसन्धानमा अवरोध गरिरहेको छ । सम्भवतः द्वन्द्वरत् र द्वन्द्वपश्चात्का मानवअधिकार उल्लंघनका अपराधमा नेपालमा लामो समयदेखि व्याप्त दण्डहीनताको स्पष्ट उदाहरण भनेको नेपाली सेना र माओवादीद्वारा अदालतका आदेशको सफलतापूर्वक अवज्ञा हो । उनीहरूको सार्वजनिक प्रतिबद्धता, मानवअधिकार समुदायको निरन्तरको ध्यानाकर्षण र न्यायिक हस्तक्षेपका बाबजुद दुवै तर्फका सेना आफ्ना कुनै पनि कर्मचारीको अनुसन्धानमा असहयोग गर्ने धरातलमा उभिएको छ चाहे त्यो सबैभन्दा तल्लो तहको कर्मचारीउपर हुने अनुसन्धान नै किन नहोस् । यसका अतिरिक्त पीडकहरूलाई कारबाही गर्नुको सट्टा सेना र माओवादी अधिकारीले उनीहरूलाई झन् बढुवा गर्ने र समाजको प्रतिष्ठित पदमा नियुक्त गर्ने गरेका छन् । मैना सुनुवारको यातना र हत्यामा संलग्न रहेको आशंका गरिएका सेनानी निरञ्जन बस्नेतलाई अदालतमा उभ्याइनुको सट्टा शान्ति सेनामा पठाइनु यसको ज्वलन्त उदाहरण हो । सेनानी बस्नेतलाई डिसेम्बर २००९ मा नै शान्ति सेनाबाट फिर्ता पठाइएको भए तापनि सेनाले निजलाई विमानस्थलबाट नै आफ्नो नियन्त्रणमा लिई त्यतिबेलादेखि नै उनलाई नागरिक अदालतसमक्ष उभ्याउन अस्वीकार गर्दै आइरहेको छ ।[26] माओवादीद्वारा गराइएको अर्जुन लामाको बेपत्ताको मुद्दाका एक आरोपी अग्नि सापकोटालाई सोधपुछका लागि सम्बन्धित अधिकारीसमक्ष सुम्पनुपर्नेमा सूचना तथा सञ्चार मन्त्रीको रूपमा नियुक्त गरियो ।

यशोदा शर्माले आफ्नो श्रीमान् बेपत्ताको छानबिनका लागि एउट छुट्टै आयोग गठनको माग गरेको र उसले विशेष कानुनी उपचारका लागि याचना गरेको सरकारले पीडित शर्मामाथि आरोप लगाएको छ ।[27] यो उनको बयानको गलत व्याख्या हो । यशोदा शर्माको याचना भनेको आफ्नो श्रीमान्को बेपत्ताको छानबिन सरकारले विद्यमान सामान्य फौजदारी न्याय प्रणालीको परिधिभित्र बाट

[26] See Maina Sunawar Separating Fact from Fiction, Advocacy Forum 2010.

[27] Annex 7 Letter from the Permanent Mission of Nepal to the United Nations Geneva to the Secretary, Secretariat of the Human Rights Committee July 28, 2010.

नै सुरु गरी आफ्नो दायित्व पूरा गरोस् भन्ने हो । लामो समयदेखि कुनै प्रकारको छानबिन नभएकोले र विगतका केही मुद्दामा सरकारले बारम्बार गठन गरेकोले एउटा छानबिन समितिको स्थापना गर्न सकिन्छ भन्ने सुझाव दिइएको थियो । यशोदा शर्माले उनको श्रीमान्को र अन्य सम्पूर्ण मुद्दालाई कानुनको अगाडि यथोचित तत्परताका साथ हेरियोस् भन्ने मात्र अनुरोध गरेकी थिइन् ।

> *"म र मजस्तै कैयौं परिवारलाई सत्य कुरा भन्न र न्याय दिनका लागि सरकार विश्वसनीय र इमान्दार भएको देख्न मैले अझ कति समय पर्खनपर्ने हो भन्ने जान्न चाहन्छु ।"*

यशोदा शर्माले अब मानवअधिकार समितिमा नयाँ निवेदन दर्ता गर्ने सोच बनाएकी छिन् ।

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन-पत्र

विषय : नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) अन्तर्गत बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ ।

बागलुङ्ग जिल्ला बागलुङ्ग न.पा.वार्ड नं २ घर वस्ने वर्ष ३९-को सूर्य प्रसाद शर्माको हकमा निजकी पत्नि जशोदा शर्मा......................१ निवेदक

विरुद्ध

श्री ५ को सरकार गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौं.....................१
श्री ५ को सरकार रक्षा मन्त्रालय, सिहदरवार, काठमाण्डौं.....................१
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौं.....................................१
शाही नेपाली जंगी अड्डा, प्रधान कार्यालय, भद्रकाली, काठमाण्डौं...........१ विपक्षी
जिल्ला प्रशासन कार्यालय, बागलुङ्ग..............................................१
जिल्ला प्रहरी कार्यालय, बागलुङ्ग..................................................१
खड्ग दल गुल्म, बागलुङ्ग...........................................................१

म निवेदिका नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३, ८८(२) तथा सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३१ अन्तर्गत मेरा पति सूर्य प्रसाद शर्माको हकमा यो निवेदन प्रस्तुत गर्दछु ।

१. मिति २०५८।१०।०१ विहान ५ बजेको समयमा मेरो घरबाट करिब २५० मीटर नजिकै रहेको शाही नेपाली जंगी अड्डा अन्तरगतको तत्कालीन कालीदल गुल्म बागलुङ्गबाट नाम थर थाहा नभएको क्याप्टेनको नेतृत्वमा आएको १०/१५ जना हतियारधारी शाही सैनिकहरु म, मेरा श्रीमान तथा तिन जना छोरा छोरी आफ्नै घरमा सुतिरहेको अवस्थामा घर घेरा हाली ढोका खोल्न लगाए । म लुगा लगाई तल आइ ढोका खोली दिए पछि ति मध्येका क्याप्टेन र अर्को एक जना सिपाही घर भित्र पसी तपाईको पति कहाँ हुनुहुन्छ भनी मलाई सोधे । मैले उहाँ

सुतिरहनु भएको छ भनी देखाई दिए पश्चात निजहरुले मेरा श्रीमान सूर्य प्रसाद शर्मालाई उठाई तँपाईसँग सोधपुछ गर्नुछ व्यारेकमा हिंडनुहोस भनी समाती बाहिर लगे । मेरा श्रीमानलाई बाहिर लगि २ जनाले वहाँलाई कुरे, पुनः क्याप्टेन र अर्का एकजना सैनिक मेरा कोठामा गई म र मेरा २ छोरीहरुको सामुन्ने सम्पूर्ण घर खान तलासी लिए । यसरी मेरा श्रीमानलाई पक्राउ गरी लाँदा मेरा छर-छिमेकीहरुका सामुन्नेबाट छरछिमेकीलाई समेत डर धाक दिई घर परिवारका संख्या घरमूलीको नाम समेत सोधी घरको ढोका बन्द गर्न लगाई कालीदल गुल्म लगियो । श्रीमानलाई यसरी पक्राउ गरी लगे पश्चात म पनि पछि पछि लागे । किन लान लागिएको हो भनी सोध्दा सानो सोधपुछको लागि हो, तपाई भित्र जान मिल्दैन भनी मलाई फर्काई दिए र मेरा श्रीमानलाई गुल्मको २ नं गेटबाट भित्र लगे ।

२. त्यसको भोलिपल्ट मिति २०५८।१०।२ गतेको दिन म निवेदिका मेरो श्रीमानलाई के कारणले पक्राउ गरिएको तथा कस्तो अवस्थामा राखिएको छ भन्ने बारेमा बुझ्न र खाना समेत लिएर गएकोमा सो कालीदल गुल्म व्यारेकका सैनिकहरुले यहाँ पक्राउ गरी राखेको मान्छेलाई बाहिरबाट खाना ल्याउन पाईदैन र कपडा समेत ल्याउनु पर्दैन । बहाँ राम्रै हुनुहुन्छ, भेटघाट गर्न आज मिल्दैन पछि आउनुहोस भनी १ नं. गेटमा रहेका सैनिक जवानले भने पछि फर्कि आँए । तर मिति २०५९।१०।७ दिउँसो १२/१ बजेको समयमा नाम दर्जा थाहा नभएको उक्त गुल्मको एक सैनिक मेरो घर पसलमा आई तपाईको श्रीमानले खैनी ल्याई दिनु भन्नु भएकोछ भने पछि मैले ३ प्याकेट खैनी दिए र मैले निज सैनिकलाई हेर तिमी पनी मान्छे हौ । यदि मलाई जस्तो तिमिलाई परेको भए कस्तो हुन्थ्यो होला मेरो श्रीमानको कस्तो अवस्था छ भन्दिनुन भनी अनुरोध गरे । तपाईलाई दिदी जस्तो मानेर भनेको हुँ आज विहान खाना खाई टोईलेट जाँदा भाग्न खोजेको भनी तपाईको श्रीमानलाई रक्तामे हुने गरी पिटिएकोछ । आँखा मुनीबाट रगत आईरहेको थियो तर यो कुरा कसैलाई नभन्नु मेरा जागिर जान्छ भनी खैनी लिई निज सैनिक गयो । उक्त कुरा सुने पछि म निवेदिकाको मन नमानी पति सूर्य प्रसादको स्वास्थ्य स्थिति बुझ्न मिति २०५८।१०।८ मा उक्त कालीदल गुल्ममा जाँदा कहाँ किन कस्लाई भेट गर्न आउनु भएको भनी सोध्दा म मेरो श्रीमानलाई भेट्न आएको भनी मैले भन्दा यताबाट भेट गर्न पाईदैन उत्ता १.नं.गेट तिर जानुहोस भनी २ नं. गेटमा खटीबसेका सैनिकले भने पश्चात म २ नं.गेटमा गई अनुनय गरे पश्चात मलाई मेरो श्रीमानलाई परबाट हेर्न मात्र दिईयो तर कुराकानी भने गर्न दिईएन ।

३. पुनः म निवेदिका मिति २०५८।१०।२० मा उक्त कालीदल गुल्ममा गई त्यहाँका तत्कालीन मेजर चन्द्र बहादुर पुनलाई भेटी मेरा पतिलाई के कुन अभियोगमा थुनामा राख्नु भएको हो ? उहाँको स्वास्थ्य स्थिती कस्तो छ ? कति समयसम्म राख्नुहुन्छ, वहाँसँग भेटघाट गर्न दिनुहोस भनी भन्दा तपाईको श्रीमान माओवादी पार्टिमा लाग्नु भएको रहेछ, निजलाई हाल माओवादी चिनाउनको लागि आर्मी गस्तीसँग बाहिर लगिएको छ पछि आवश्यक अनुसन्धान गरे पश्चात छोडिदिन्छौं अरु कुरा भन्न मिल्दैन तपाईहरु अहिले जानुहोस भनी निज मेजरले भने पश्चात म आफ्नो घर आई बसें । यसरी पटक पटक जाँदा समेत भेटघाट गर्न नदिए पछि

मेरो श्रीमानको रिहाईको लागि मिति २०५८।१०।२१ मा जिल्ला प्रशासन कायालय बाग्लुङ्ग सम्पर्क राख्दा संकटकालमा केही बताउन नमिल्ने भन्ने जवाफ दिएकाले फर्कि आँए छिमेकीको सल्लाहले मिति २०५८।१०।२२ मा कानून बमोजिम मुद्दा चलाउने निकाय जिल्ला प्रहरी कार्यालय बाग्लुङ्गमा जाँदा यस्तो कुरा सुन्ने फुर्सद नभएको भनी प्रत्यर्थिहरुल् मेरो पतिको बारेमा जानकारी दिन आलटाल गरी रहे ।

४. यसरी मेरा पति सूर्य प्रसाललाई विना कुनै अभियोग भण्डै १ वर्ष जति गैरकानूनी रुपले थुनामा राखीरहेको थियो । तेत्तिकैमा प्रत्यर्थि मध्येको बाग्लुङ्गमा रहेको उक्त कालीदल गुल्म मिति २०५९ साल बैशाखमा त्यहाँबाट उठी गएको र उक्त कालीदल गुल्म सट्टामा खड्ग दल गुल्म आई बसेकोमा मेरा पति सूर्य प्रसादको अवस्थाको बारेमा पटक पटक गई सोधपुछ गर्दा पनि केही जानकारी नदिएको, भेट्न दिनुहोस भन्दा हाल भेट्न मिल्दैन भनी जवाफ उक्त खड्ग दलका सैनिकहरुले भने । त्यस पछि मेरा पतिको गैर कानूनी थुनाबाट रिहाई तथा जिवन रक्षाको लागि राष्ट्रिय मानव अधिकार आयोग काठमाण्डौं, लगायतका राष्ट्रिय तथा अन्तराष्टिय मानव अधिकारवादी संस्थाहरुलाई जानकारी गराएको छु । तर हालसम्म पनि प्रत्यर्थिहरुले निज पतिलाई के कुन अभियोगमा थुनामा राखिएको हो भन्ने कुरा विपक्षीहरुले बताउन ईन्कार गरि राखेका छन ।

५. यसरी मेरा पतिलाई पक्राउ गरी कस्तो अवस्थामा राखिएको छ, के कति कारणले पक्राउ गरियो भन्ने कुराको जानकारी दिईएको छैन । त्यसै गरी हाल सम्म पनि पति सूर्य प्रसाद शर्मालाई कानून बमोजिमको अधिकार क्षेत्र भएको कुनै अड्डा अदालतमा म्याद थपको लागि पेश गरेको छैन । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४(५) मा पक्राउ परेको व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथासक्य चांडो दिई मात्र थुनामा राख्नु पर्ने र धारा १४(६) मा पक्राउ परेको वा थुनामा रहेका व्यक्तिलाई पक्राउ परेको समयले २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने बाध्यात्मक प्रावधान रहेको छ । तर विपक्षीहरुद्वारा संवैधानिक प्रावधानको उपेक्षा गरि बिना कुनै सूचना एवं बिना कुनै अभियोग मेरा पति सूर्य प्रसाद शर्मालाई १२ महिना यातना दिई आफ्नो परिवारका सदस्यहरुलाई भेटघाट गर्न नदिई नेपाल अधिराज्यको संविधानद्वारा प्रत्याभुत आधारभुत मानवअधिकार एवं कानूनी शासनको प्रजातन्त्रिक अवधारणालाई चुनौति दिई संविधानद्वारा प्रदत्त मौलिक एवं वैयक्तिक हकलाई कुण्ठित गरिएको छ ।

६. तसर्थ माथिका प्रकरणहरुमा उल्लेखित तथ्यका आधारमा मेरा पतिलाई के कुन कसुरमा कसरी राखिएको छ भन्ने समेत थाह जानकारी नदिइ नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, १४(४)(५) र (६) समेतद्वारा प्रदत्त हकमा आघात पर्ने गरी निज मेरा पति सूर्य प्रसाद शर्मालाई वैयक्तिक एवं मौलिक हकबाट बन्चित गरी थुनामा राखिएकोले अन्य बैकल्पिक कानूनी उपचारको अभावमा संविधानको धारा ८८(२) अन्तर्गत सम्मानित अदालत समक्ष यो रिट निवेदन लिई उपस्थित भएकी छु । विपक्षीहरुद्वारा गैरकानूनी रुपमा गिरफ्तार गरिएका मेरा पति सूर्य प्रसाद शर्मालाई अविलम्व यस अदालत समक्ष उपस्थित गराई उपस्थित नगराएमा स.अ. नियमावली २०४९ को नियम ३४ अन्तर्गत खानतलासी पूर्जि

समेत जारी गरी यस अदालत समक्ष उपस्थित गराई गैरकानूनी थुनाबाट अविलम्ब मुक्त गरि छाडिदिनु भनी विपक्षीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ ।

माथि लेखिएको व्यहोरा ठिक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदीका
सूर्य प्रसाल शर्माको हकमा
निजकी पत्नि यशोदा शर्मा.....१

ईति सम्वत २०५९ साल माघ २१ गते रोज ३ शुभम.............

श्री सर्वोच्च अदालत काठमाण्डौंमा
प्रस्तुत गरेको लिखित
जवाफ

विषय :- बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी पाऊं ।

प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय
बाग्लुङ० -------------------------------- लिखित जवाफ प्रस्तुतकर्ता

विरुद्ध
-----

बाग्लुङ० नगरपालीका वडा नं.२ बस्ने सूर्य प्रसाद शर्माको हकमा
निजकी पत्नी जशोदा शर्मा --------------------------. विपक्षी रिट निवेदिका

१. मेरा पति सूर्य प्रसाद शर्मालाई मिति २०५८।१०।१ गतेका दिन बाग्लुङ० स्थित शाही नेपाली सेनाको तत्कालीन कालीदल गुल्मबाट नाम थाहा नभएको क्याप्टेनको नेतृत्वमा १०।१५ जना हतियारधारी शाही सैनिकहरु मेरो घरमा आई घर खानतलासी गरी मेरो पतिलाई पक्राउ गरी लगी उक्त गुल्ममा राखि मलाई भेटघाट गर्न समेत नदिई नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११,१४.(४)(५) र (६) समेतद्वारा प्रदत्त हकमा आघात पर्ने गरी वैयक्तिक स्वतन्त्रता मौलिक हकबाट वञ्चित गरी थुनामा राखिएकोले अन्य वैकल्पिक उपचारको अभावमा संविधान को धारा ८८(२) अन्तरगत सम्मानित अदालतमा रिट निवेदन गर्न आएकी छु । मेरा पतिलाई अविलम्ब यस अदालत समक्ष उपस्थित गराई गैह्र कानूनी थुनाबाट मुक्त गराई पाउं भन्ने समेत व्यहोराको निवेदन जिकिर रहेछ ।

२. यसमा के भएको हो । निवेदिकाको माग बमोजिमको आदेश जारी हुन किन नपर्ने हो ? आदेश प्राप्त भएको मितिले बाटो म्याद बाहेक ३ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भन्ने सम्मानित सर्वोच्च अदालतको आदेश मिति २०५८।१२।१८ गतेका दिन यस कार्यालयमा प्राप्त भएकोले त्यसको म्याद भित्र उक्त सूर्य प्रसाद शर्माको हकमा निम्न अनुसार भएको बझिएकोले

प्रमुख जिल्ला अधिकारी

यो लिखित जवाफ प्रस्तुत गरेको छु ।

३. मिति २०५८।१०।८ गते कालोदल गुल्म श्रीनाथ्लिल ब्यारेकबाट पदिकको – कमाण्डमा खटिएको पेट्रोलिङ टोली मोदीखोला तथा काली गण्डकी नदीको दोभान तर्फ जाने क्रममा उक्त स्थानमा पुग्न अ.१०० गज अगाडि अ.१८.०० बजेको समय मा माओवादी आतंककारीहरुले एम्बुस थापी बम विष्फोटन गराउंदा सो को – जवाफी कारवाही गर्दा २ जना आतंककारी काली गण्डकीमा हाम फालेका साथै यस जिल्लाको ददिाणी भेकमा कार्य क्षेत्र भएका आतंककारीहरुलाई पक्राउ गर्न सो फौज संग गएको बाँग्लुङ जिल्लाका आतंककारी सूर्य प्रसाद शर्मा सो मौकाको फाइदा उठाई भागी काली गण्डकीमा हाम फालेको र करीव आधा घण्टा सम्म पनि बाहिर ननिस्केको बुझिन आएको ।

४. निवेदिकाले मेरो श्रीमानको रिहाइको लागि मिति २०५८।१०।२१ गते – जिल्ला प्रशासन कार्यालय बाग्लुङमा सम्पर्क गर्दा संकटकालमा केही बताउन मिल्दैन भन्ने जवाफ पाएं भनी निवेदनमा लेखिएको व्यहोरा झुठा हो । निजको पति सूर्य प्रसाद शर्माको बारेमा माथि प्रकरण नं. ३ मा उल्लेख भए बमोजिमको व्यहोरा मोही वहतमाने निवेदिका जशोदा शर्मालाई मौखिक जानकारी गराईएको ।

५. यसरी माथि प्रकरण नं.३ मा उल्लेख भए बमोजिम हुंदा फौजसंग गएको अवस्थामा एम्बस थापेको अवस्थाको फाइदा उठाई भागी गण्डकीमा हाम फाली वेपत्ता भएको निजको पतिको बारेमा निजलाई थाहा हुंदा हुंदै पनि संविधान प्रदत्त अधिकारको हनन भएको भनी सम्मानित अदालतमा, यस कार्यालय समेतलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरि पाउन अनुरोध गर्दछु ।

६. यसमा लेखिएको व्यहोरा सबै सांचो हो ।

७. सरकारी मुद्दा सम्बन्धी ऐन बमोजिम लाग्ने दस्तुर नलाग्ने हुंदा समावेश गरिएको छैन ।

०५८।१२।१५

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय बाग्लुङ

लिखित जवाफ प्रस्तुत कर्ता

इति संवत २०५८ साल चैत्र १५ गते रोज ४ शुभम्

सर्वोच्च अदालत संयुक्त इजलाश
माननीय न्यायाधीश श्री [illegible] बहादुर रायमाझी
माननीय न्यायाधीश श्री अनुपराज शर्मा
<u>बाट भएको आदेश</u>

सम्वत् २०५९ सालको रिट नं.१३८

सूर्य प्रसाद शर्माको हकमा जशोदा शर्मा----------------------------------------१ [illegible]

<u>विरुद्ध</u>

श्री ५ को सरकार गृह मन्त्रालय समेत----------------------------------------१ विपक्षी

विषय : बन्दीप्रत्यक्षीकरण ।

यसमा सूर्य प्रसाद शर्माका सम्बन्धमा, बेपत्ता पारिएका भनिएकाहरु बारे छानबिन गर्न गठित समितिले निजको बारेमा कुनै प्रतिवेदन दिएको भए सो को प्रतिलिपी यो आदेश प्राप्त भएको मितिले ७ दिन भित्र पठाउनु भनी विपक्षी गृह मन्त्रालयलाई लेखि पठाई जवाफ प्राप्त भएपछि नियम बमोजिम पेश गर्नु ।

[illegible]
न्यायाधीश

[illegible]
न्यायाधीश

इति सम्वत् २०६१ साल पुष ७ गते रोज ४ शुभम्----------------------------------------

श्री ५को सरकार
गृह मन्त्रालय

☎ ५२०१३३
- ५२०२३३
फ्याक्स ५२०३२२

# जिल्ला प्रशासन कार्यालय

बागलुङ

धवलागिरी अञ्चल
मिति :-२०६१।८।२०

पत्र संख्या:-०६१/६२ मुद्दा शाखा ।
चलानी नं :- १८५७

विषय :- जानकारी पठाइदिने सम्बन्धमा ।

श्री सर्वोच्च अदालत
(रीट ख.शाखा)
फाँट :- पुष्कर
रामशाहपथ,काठमाडौं ।

प्रस्तुत विषयमा लेखिएको संमानीत अदालतको च.नं २२५५ मिति ०६१।८।१८ को बोधार्थ तथा कार्यार्थ पत्र प्राप्त भई व्यहोरा अवगत भयो ।

निवेदक सूर्य प्रसाद शर्माको हकमा जसोदा शर्मा र विपक्षी गृह मन्त्रालय समेत भएको वन्दी प्रत्यक्षीकरण रीट निवेदनका सम्बन्धमा संमानीत अदालतका तर्फबाट विभिन्न मितिमा सोधनी भएको विषयमा यस कार्यालयको च.नं १२९२ मिति ०६०।८।८,च.नं १९७० मिति ०६०।१०।७, च.नं २४७६ मिति ०६०।११।२८, च.नं २५३५ मिति ०६०।१२।३ समेत गरी ४ पटक जवाफ पठाइ सकिएको व्यहोरा अनुरोध गर्दै उक्त प्रत्रका छायाँ प्रति यसै साथ संलग्न गरी पठाएको व्यहोरा सादर अनुरोध छ ।

उक्त विभिन्न पत्र बाट निवेदिकाको पति सुरक्षा कर्मी द्धारा छानविनका लागि नियन्त्रणमा लिएकोमा मुद्दा हेर्ने अधिकारी समक्ष २४ घण्टा भित्र पेश गर्नु अगावै सुरक्षा कर्मीको नियन्त्रण वाट भागी कालिगण्डकीमा हाम फाली वेपत्ता भएको व्यहोरा कार्यालयको अभिलेख वाट देखिन्छ ।

निज कसको आदेश वाट पक्राउ परेको हो भन्ने प्रश्नको हकमा निज पक्राउ परेको नभई छानविनका लागि नियन्त्रणमा लिईएको र छानविन पश्चात निज लाई पक्राउ गर्नु पर्ने अवस्था परेमा अधिकार प्राप्त अधिकारी समक्ष २४ घण्टा भित्र पेश गर्ने कानूनी व्यवस्था वमोजिम अधिकार प्राप्त अधिकारीको आदेश अनुसार कारवाही अगाडि बढ्न सक्ने अवस्था विद्यमान छँदै छानविनकै क्रममा निज सूर्य प्रसाद शर्मा नदीमा हाम फाली वेपत्ता भएको देखिन्छ ।

यसरी निज सूर्य प्रसाद शर्मा उपर लगाउन सकिने संभावित कसूर प्रमाणित हुन नपाउदै र संवन्धित अधिकारी समक्ष पेश गर्ने अवधिको विचमा नै निज नदीमा हाम फाली वेपत्ता भएको अभिलेख वाट देखिदा कुनै ऐन,वा अधिकारीको आदेश प्रयोगै हुन नपाएको हुदा निज पक्राउ परेको भन्न मिल्ने स्थिति रहेको नपाइएको व्यहोरा सादर अनुरोध गरेको छु ।

बोधार्थ :-
श्री गृह मन्त्रालय,
शा.सु.शाखा सिंहदरवार काठमाण्डौं (ताहाँको च.नं २२१३ को सन्दर्भमा)

प्रमुख जिल्ला अधिकारी

श्री सर्वोच्च अदालतबाट

शाखा अधिकृत

सर्वोच्च अदालत, काठमाडौं

**सर्वोच्च अदालत, संयुक्त इजलाश इजलास**
**माननीय न्यायाधीश श्री खिलराज रेग्मी**
**माननीय न्यायाधीश श्री परमानन्द झा**

**<u>आदेश</u>**

सम्वत २०५९ सालको रिट नं.- १३८

**मुद्दा :- बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ ।**

बाग्लुङ्ग जिल्ला बाग्लुङ्ग न.पा. वार्ड नं. २ बस्ने सूर्य प्रसाद शर्माको हकमा निजकी पत्नी जशोदा शर्मा ........................................ निवेदक

**विरुद्ध**

श्री ५ को सरकार गृह मन्त्रालय, सिंहदरबार काठमाण्डौं........................................१
श्री ५ को सरकार रक्षा मन्त्रालय, सिंहदरबार काठमाण्डौं........................................१
प्रहरी प्रधान कार्यालय, नक्साल काठमाण्डौं........................................१ विपक्षी
शाही नेपाली जंगी अड्डा प्रधान कार्यालय, भद्रकाली........................................१
जिल्ला प्रशासन कार्यालय,बाग्लुङ्ग........................................१
जिल्ला प्रहरी कार्यालय, बाग्लुङ्ग ........................................१
खड्गदल गुल्म , बाग्लुङ्ग ........................................१

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ र ८८(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ ।

मिति २०५८।१०।१ गते बिहान ५ बजेको समयमा मेरो घरबाट करिब २५० मीटर नजिकै रहेको शाही नेपाली जंगी अड्डा अन्तर्गतको तत्कालिन कालीदल गुल्म बाग्लुङ्गबाट नाम थर थाहा नभएको क्याप्टेनको नेतृत्वमा आएको १०।१५ जना हतियारधारी शाही सैनिकहरुले घर घेरा हाली क्याप्टेन र एक जना सिपाहीं घर भित्र पसी सुती राख्नु भएका श्रीमान सूर्य प्रसाद शर्मालाई उठाई तपाईसंग सोधपुछ गर्नुछ ब्यारेकमा हिडनु होस भनी समाती बाहिर लगे र मेरो घर समेत खान तलासी लिए । मेरो श्रीमानलाई समाती पक्राउ गरी

सर्वोच्च अदालत काठमाडौं

लगेपछि म पनि मेरो श्रीमानसंग पछि लागि जाँदा तपाई भित्र जान मिल्दैन भनी मलाई फर्काई दिए र मेरो श्रीमानलाई गुल्मको २ नं. गेटबाट भित्र लगे । त्यसको भोलीपल्ट मिति ०५८।१०।२ गते भेटन जाँदा भेटघाट गर्न मिल्दैन भनी फिर्ता पठाई दिए । त्यसपछि पनि मिति ०५८।१०।८ मा स्वास्थ्य स्थिती बुझ्न जाँदा कुरा गर्न नदिई टाढैबाट हेर्न मात्र दिइयो । पछि पुनः मिति २०५८।१०।२० मा कालीदल गुल्म गई मेजर चन्द्र बहादुर पुनसंग मेरो श्रीमानलाई किन समातेको भनी सोध्दा तपाईको श्रीमान माओवादी पार्टीमा लागेको रहेछ । अहिले आर्मी गस्तीसंग बाहिर लगिएको छ । अनुसन्धान पछि छाडी दिन्छौ । अरु कुरा भन्न मिल्दैन । जानुहोस भनी श्रीमानको बारेमा केही जानकारी गराएन । सूर्य प्रसादलाई विना कुनै अभियोग झण्डै १ वर्ष जति गैर कानूनी रुपले थुनामा राखेपछि २०५९ साल वैशाखमा त्यहांबाट उठी गएको र उक्त कालीदल गुल्म सट्टामा खडगदल गुल्म आई बसेपछि पनि पटक पटक सोधपुछ गर्दा पनि केही जानकारी नपाएकोले मेरो पतीको जीवन रक्षाको लागि रीष्ट्रिय मानव अधिकार आयोग काठमाण्डौं लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार वादी संस्थाहरुलाई जानकारी गराएको छ । हालसम्म पक्राउ पर्नाको कारण समेत जानकारी दिइएको छैन । मेरो पतिलाई के कुन कसुरमा कसरी राखिएको छ भन्ने समेत थाहा जानकारी नदिई नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११,१४(४)(५) र (६) समेत द्वारा प्रदत्त हकमा आघात पर्ने गरी मेरो पति सूर्य प्रसाद शर्मालाई वैयक्तिक एंव मौलिक हकबाट वंचित गरी थुनामा राखिएकोले अविलम्ब यस अदालत समक्ष उपस्थित गराई उपस्थित नगराएमा सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३४ अन्तर्गत खानतलासी पूर्जीसमेत जारी गरी गैर कानूनी थुनाबाट छाडी दिनु भनी विपक्षीहरुका नाममा बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको नक्कल साथै राखी विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु भन्ने यस अदालतको मिति २०५९।१०।२४ को आदेश ।

यस मन्त्रालयबाट निजलाई पक्राउ गर्ने, थुनामा राख्ने आदेश दिइएको छैन । साथै निजको कुनै हक अधिकार हनन नगरिएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत श्री ५ को सरकार गृह मन्त्रालयको लिखित जवाफ ।

यस मन्त्रालयले सूर्य प्रसाद शर्मालाई पक्राउ गरी थुनामा राखेको होइन । यस मन्त्रालयको कुन काम कारवाहीबाट संविधान प्रदत्त हक हनन भएको भनी निवेदकले खोल्न सक्नु भएको छैन । रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत श्री ५ को सरकार रक्षा मन्त्रालयको लिखित जवाफ ।

रिट निवेदकलाई पक्राउ गर्ने तथा थुनामा राख्ने समेतका कार्य यस कार्यालयबाट भए गरेको नपाइएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रहरी प्रधान कार्यालय नक्साल काठमाण्डौंको लिखित जवाफ ।

निवेदिकाले माग गरे बमोजिमका व्यक्ति सूर्य प्रसाद शर्मा सैनिक हिरासतमा नभएको हुंदा आधारहिन रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको श्री शाही नेपाली जंगी अड्डा भद्रकाली काठमाण्डौं, खडगदल गुल्म बाग्लङ्गको संयुक्त लिखित जवाफ ।

मिति २०५८।१०।८ गते कालीदल गुल्म शेराडिल व्यारेकबाट पदिकको कमाण्डमा खटिएको पेट्रोलिङ्ग टोली मोदी खोला तथा काली गण्डकी नदीको दोभान तर्फ जाने क्रममा उक्त स्थानमा पुग्न अं. १०० गज अघाडि अं. १८।०० बजेको समयमा माओवादी आंतककारीहरुले एम्बुस थापी बस विस्फोटन गराउंदा सो को जवाफी कार्यवाही गर्दा २ जना आंतककारी काली गण्डकीमा हाम फालेका साथै आंतककारीहरुलाई पक्राउ गर्न फौजसंग गएका आंतककारी सूर्य प्रसाद शर्मा मौकाको फाइदा उठाई भागी काली गण्डकीमा हाम फालेको र करिव आधा घन्टासम्म पनि बाहिर ननिस्केको बुझिन आएका र उक्त व्यहोरा सोही बखतमा नै निवेदीकालाई मौखिक जानकारी दिइएको हो । रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय बाग्लुङ्गको लिखित जवाफ ।

निज सूर्य प्रसाद शर्मालाई जिल्ला प्रहरी कार्या… बाग्लुङ्गबाट पक्राउ गरेको तथा निजको विरुद्धमा कुनै काम गरेको भनी निवेदकले भन्न नसकेको र निज सूप … ाम गरेको व्यक्तिलाई हालसम्म यस कार्यालयबाट पक्राउ समेत नगरेको हुँदा रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत जिल्ला प्रहरी कार्यालय बाग्लुङ्गको लिखित जवाफ ।

बन्दी सूर्य प्रसाद शर्माको वस्तुस्थिती सम्बन्धमा जसोदा शर्मालाई अ.बं. १३३ नं. बमोजिम कागज गराउने आदेशानुसार २०५९।१२।१३ गते सैनिकहरुको गाडीमा अन्य सैनिकहरुले क्याप लगाएको तर मेरो श्रीमानले गोलो टोपी लगाएको हुँदा चिन्ह गाह्रो परेन । सो अवस्थामा सूर्य प्रसाद शर्माले दाह्री काटेको र सैनिक पोशाकमा हुनुहुन्थ्यो । त्यसपछि हालसम्म मलाई निज श्रीमान सुर्य प्रसादलाई भेटघाट गर्न दिइएको छैन । मेरो श्रीमानलाई २०५८।१०।१ गते बिहान ५.०० बजे सैनिकहरुले पक्राउ गरी लगेको हो भन्ने समेत व्यहोराको मिति २०६०।१।१९।६ को जसोदा शर्माले गरेको कागज ।

सूर्य प्रसाद शर्माको वस्तुस्थिती सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालय मार्फत खडगदल गुल्म बाग्लुङ्ग बुझ्ने भन्ने आदेशानुसार खडगदल गुल्म बुझिएकोमा सूर्य प्रसाद शर्मालाई यस गुल्मले मिति २०५९।१।२८ मा स्थानान्तरण भई आउंदा नबुझेको, निजलाई कहि नदेखेको र कुनै सम्पर्कसम्म नभएको भन्ने समेतको व्यहोरा लेखि आएको पाइन्छ ।

निज सूर्य प्रसाद शर्मा उपर लगाउन सकिने संभावित कसूर प्रमाणित हुन नपाउदै र सम्बन्धित अधिकारी समक्ष पेश गर्ने अवधिको विचमा नै नीज नदीमा हाम फाली बेपत्ता भएको अभिलेखबाट देखिंदा कुनै ऐन वा अधिकारीको आदेश प्रयोगै हुन नपाएको हुँदा निज पक्राउ परेको भन्ने मिल्न स्थिती नरहेको भनी जिल्ला प्रशासन कार्यालय बाग्लुङ्गबाट मिति २०६१।८।२० मा जवाफ प्राप्त भएको ।

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी यस इजलाश समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री हरिकृष्ण कार्कीले सूर्य प्रसाद शर्मालाई घरबाट नै पक्राउ गरी काली दल गुल्ममा थुनामा राखेको थियो । भेटन दिईएन हेर्न मा:

काठमाडौं

दिइयो पछि केही जानकारी दिइएन/ त्यसरी थुनामा रहंदाको अवस्थामा मृत्यु भएको आशंकाको स्थिती रहेको भन्ने लिखित जवाफबाट देखिएको ~~भन्ने समेत~~ अवस्था छ, भन्ने समेत र प्रत्यर्थी श्री ५ को सरकारका तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री बृंजेश मिश्रले जिल्ला प्रशासन कार्यालय बाग्लुङ्गको लिखित जवाफ र गृह मन्त्रालय को पत्रबाट समेत निवेदक सूर्य प्रसाद शर्मा हाल हिरासतमा वा सैनिक नियन्त्रणमा रहेको स्थिती नदेखिदा रिट निवेदन खारेज हुनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनीयो ।

उल्लेखित बहस जिकिर समेतलाई दृष्टिगत गरी निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो होइन भन्ने कुराको निरोपण गरी निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा सूर्य प्रसाद शर्मालाई मिति २०५८।१०।१ गते बाग्लुङ्ग स्थित कालीदल गुल्ममा थुनामा राखेकोले गैर कानूनी थुनाबाट मुक्त गरी पाउँ भनी विपक्षीहरुका नाउँमा बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भन्ने मुख्य निवेदन जिकिर रहेको पाइन्छ । मिति २०५८।१०।८ गते कालीदल गुल्मको फौज बाग्लुङ्ग जिल्लाको दक्षीणी भेकमा आंतककारीहरुलाई पक्राउ गर्न गएका बखत फौजसंग साथ लागी गएको सूर्य प्रसाद शर्मा मौकाको फाइदा उठाई भागी काली गण्डकीमा हाम फालेको र करिब आधा घन्टासम्म पनि बाहिर निस्केन भन्ने समेत जिल्ला प्रशासन कार्यालय बाग्लुङ्गको लिखित जवाफ रहेको देखिन्छ । उक्त लिखित जवाफ व्यहोरालाई समर्थन गरीएको च.नं.३००, मिति २०६१।१०।२० को गृह मन्त्रालयको पत्र व्यहोरा समेतबाट निवेदक सूर्य प्रसाद शर्मा हाल हिरासत वा नियन्त्रणमा रहेको भन्ने स्थिती नदेखिदा र पछि त्यस्तो अवस्था भएको बखत बन्दी प्रत्यक्षीकरणको निवेदन दिने हक सुरक्षितै हुंदा तत्काल बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्नु पर्ने अवस्था नरहेकोले प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलाश अधिकृत- लालकाजि श्रेष्ठ

( रा.प.तृ. )

ईती सम्वत २०६१ साल फागुन महिना ५ गते रोज ४ शुभम् ।...................

श्री सर्वोच्च अदालतमा चढाएको
लिखित जवाफ

मार्फत:- महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ।
सम्वत:- २०५९ सालको रिट नं. १३८

विषय :- वन्दीप्रत्यक्षीकरण ।

श्री ५ को सरकार, गृह मन्त्रालय — लिखित जवाफ प्रस्तुतकर्ता

विरुद्ध

सूर्यप्रसाद शर्माको हकमा जसोदा शर्मा — बिपक्षी/रिट निवेदक

विपक्षी रिट निवेदकले यस गृह मन्त्रालय समेत उपर दिनु भएको रिट निवेदनमा यसमा के कसो भएको हो ? निवेदकको माग वमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? बाटोको म्याद बाहेक ३ (तीन) दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भन्ने आदेश सहितको सूचना यस मन्त्रालयमा मिति २०५९।१०।२९ मा प्राप्त भएको हुँदा समयमै देहाय वमोजिमको लिखित जवाफ प्रस्तुत गरेको छु ।

१. प्रस्तुत विषयमा विपक्षी बनाईनु भएका अन्य निकायहरुबाट छुट्टै लिखित जवाफ प्रस्तुत हुने नै छ । यस मन्त्रालयवाट निजलाई पक्राउ गर्ने, थुनामा राख्ने आदेश दिईएको छैन । साथै निजको कुनै हक, अधिकार हनन् नगरिएको हुँदा सम्मानित अदालतवाट रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध गर्दछु ।

२. यस मन्त्रालयको तर्फबाट उपस्थित हुनु हुने सरकारी वकिलको बहस जिकिरलाई समेत यस लिखित जवाफको अभिन्न अंग मानी पाउँ ।

श्री ५ को सरकार
गृह मन्त्रालय
२०५५

लिखित जवाफ प्रस्तुतकर्ता

(टीकादत्त निरौला)
सचिव

इति सम्वत २०५९ साल फागुन १ गते रोज ५ शुभम् ..................................

## संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोग
## (गोप्य)

२०६६ वैशाख १४

सचिव
मानवअधिकार समिति सचिवालय
मानवअधिकार उच्चायुक्तको कार्यालय
पलाइ दे नेसन्स
सिएच १२११ जेनेभा १०
स्विट्जरल्यान्ड

मानवअधिकार समितिको सचिवालयको २०६५ कात्तिक २१ मितिको टिपोट जि/एसओ २१५/५१ एनइपी (१) मा उल्लिखित सूर्यप्रसाद शर्माका तर्फबाट भएको पत्राचार नं. १४६९/२००६ का सम्बन्धमा समितिको अवधारणाप्रति नियोग राजधानीबाट प्राप्त निर्देशनबमोजिम देहायका कुरा सञ्चार गर्दछ :

१. माथि उल्लिखित पत्राचारसँग सम्बन्धित समितिका अवधारणाको कार्यान्वयनका सन्दर्भमा सूर्यप्रसाद शर्माकी श्रीमती यशोदा शर्मालाई तत्कालीन राहतका रूपमा रु. २००,००० नेपाल सरकारले प्रदान गरेको छ ।
२. श्री सूर्यप्रसाद शर्माको बेपत्ता भनिएको मुद्दामा अनुसन्धान गर्न नेपाल सरकारले चाँडै गठन गर्न लागेको स्वतन्त्र बेपत्ता आयोगसमक्ष सिफारिस गरिनेछ । यो आयोग गठनसम्बन्धी विधेयक नेपालको संसदको चालू सत्रसमक्ष पहिल्यै पेश गरिसकिएको छ । कानुन पारित भइसकेपछि आयोग गठनको कार्य अग्रताका साथ सम्पन्न गरिनेछ ।

नेपाल सरकारको यो प्रतिवेदन समितिका सम्माननीय सदस्यहरूसमक्ष निवेदन गर्नका लागि सचिवालयलाई संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोग अनुरोध गर्दछ ।

यहाँको सहयोगका लागि धन्यवाद ।

भरत राज पौड्याल
मिनिस्टर काउन्सेलर/उप स्थायी प्रतिनिधि